लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

ग्राहक प्रति

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित



लोकप्रिय राष्ट्रिय दैनिक राजधानी

ग्राहक बन्नु परेमा

नवीकरण गर्नु परेमा

ठेगाना परिवर्तन भएमा

र पत्रिका नियमित नआए

सिधा सम्पर्क 5546300, बिहान १० बजे देखि ५ बजेसम्म Ext: 112, 108





गीतसंगीतमा जमेका... पृष्ठ ६



काठमाडौं । वर्ष १५, अंक २१०, काठमाडौं, आइतबार २६ पुस २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np I Email rajdhaninews@gmail.com I RAJDHANI Nepali National Daily I Kathmandu, Sunday 10 January 2016 I पृष्ठ : ८ मूल्य रु. ५/-


## युनिसेफको कार्यकारी बोर्डमा नेपाल

**काठमाडौं/रासस-** नेपालले शनिबारदेखि संयुक्त राष्ट्र संघीय बालकोष (युनिसेफ) को कार्यकारी बोर्डको कार्यभार सम्हालेको छ ।

यसअघि एसिया प्रशान्त क्षेत्रले आफ्नो समूहको तर्फबाट नेपाललाई सन् २०१६-१८ का लागि सर्वसम्मतिबाट चयन गरेको हो । उक्त क्षेत्रले संयुक्त राष्ट्र संघका लागि स्थायी प्रतिनिधि दुर्गाप्रसाद भट्टराईलाई कार्यकारी बोर्डको ब्युरो उपाध्यक्षमा शनिबार निर्विरोध निर्वाचित गरेको संयुक्त राष्ट्र संघका लागि नेपाली स्थायी नियोगले जनाएको छ । १४ वर्षको अन्तरालपछि नेपालले युनिसेफको कार्यकारी बोर्डमा काम गर्ने अवसर पाएको हो । यसअघि नेपालले सन् १९८२ देखि १९८५, सन् १९९२ देखि १९९५ तथा सन् २००२ देखि २००४ सम्म बोर्डमा रही काम गरिसकेको छ । विश्व शान्ति स्थापनामा सक्रिय भूमिका निर्वाह गर्दै आएको राष्ट्र संघीय विशेष कमिटीका स्थायी समिति सदस्य नेपालले हाल संयुक्त राष्ट्रसंघीय महासभाको प्रशासकीय तथा बजेट समितिको नेतृत्व पनि गर्दै आएको छ ।

सन् २०१३ देखि २०१५ सम्म राष्ट्र संघीय आर्थिक तथा सामाजिक परिषद्को सदस्य तथा राष्ट्र संघीय विकास कार्यक्रम (यूएनडीपी) एसिया प्रशान्त क्षेत्रको कार्यकारी बोर्डको उपाध्यक्षमा रहेर नेपालले आफ्नो जिम्मेवारी पूरा गरिसकेको छ । राष्ट्र संघीय बडापत्रमा उल्लिखित सिद्धान्त तथा उद्देश्यप्रति अटल निष्ठा राख्दै आएको नेपालले विगत ६ दशकदेखि यस विश्व संस्थामा प्रभावकारी भूमिका निर्वाह गर्दै आएको छ ।

## मोर्चाद्वारा आन्दोलनका थप कार्यक्रम घोषणा

**काठमाडौं/रास-** आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले एक साताका लागि आन्दोलनका नयाँ कार्यक्रम घोषणा गरेको छ । तमलोपा केन्द्रीय कार्यालय बिजुलीबजारमा तिन दिनसम्म बसेको मोर्चा बैठकले शनिबार २८ पुसदेखि ७ माघसम्मका लागि आन्दोलनका थप कार्यक्रम घोषणा गरेको हो ।

मोर्चाद्वारा घोषित कार्यक्रमहरूमा जुलुस र धर्नादेखि आन्दोलनसँग सम्बन्धित वृत्तचित्र प्रदर्शनीसम्म छन् । भारतसँगको सीमा नाका सहज बन्दै गइरहेका बेला सीमा नाका अवरोधका कार्यक्रमलाई निरन्तरता दिने/नदिने विषय कार्यक्रममा स्पष्ट खुलाइएको छैन । यद्यपि, आन्दोलनका जारी अन्य कार्यक्रम भने निरन्तर रूपमा सञ्चालन हुने विज्ञप्तिमा जनाइएको छ ।

सीमा नाकामा गरिएको धर्नाबाट तराईवासीकै जनजीवन अस्तव्यस्त बनेपछि कपितय स्थानमा प्रतिकारसमेत हुन थालेको छ ।


(बाँकी पृष्ठ २ मा)




*लगातारको हिमपातपछि गोरखाको लाप्राकस्थित गुप्सीपाखा । हिमपातपछि बढेको चिसोले गुप्सीपाखामा बस्दै आएका ५ सय पन्चान्नब्बे टहरोका भूकम्पपीडित कष्टकर जीवन निर्वाह गर्दै छन् । गोरखाको लाप्राक, बारपाक र घ्याच्चोकलगायत क्षेत्रमा शुक्रबार राति भीषण असिना पानी परेको थियो ।* **तस्बिर : रासस**

# ओरालोमा एमाओवादीको आर्थिक कारोबार

- गत वर्षभन्दा ३ करोड कम कारोबार
- आम्दानीभन्दा ७० लाख बढी खर्च
- नेताहरूको तलबमै अढाइ लाखभन्दा बढी खर्च
- ३५ देखि ५५ हजारसम्म दाहाल निवासमा खाजा खर्च

**रामकृष्ण अधिकारी/राजधानी**
काठमाडौं, २५ पुस

एकीकृत नेकपा माओवादीले आर्थिक वर्ष २०७१/७२ मा ४ करोड रुपैयाँबराबरको आर्थिक कारोबार गरेको छ । अघिल्लो आर्थिक वर्ष (२०७०/७१) को तुलनामा उसको आयव्यय ओरालो लागेको छ ।

अघिल्लो वर्षको तुलनामा उसको कारोबार झन्डै ३ करोडले घटेको छ । अघिल्लो आर्थिक वर्षमा एमाओवादीले ७ करोड हाराहारीमा आर्थिक कारोबार गरेको थियो ।

एमाओवादी केन्द्रीय कार्यालयका अनुसार चालु आर्थिक वर्षमा कारोबार घट्नुमा पार्टी सदस्यहरूको नवीकरणदेखि अन्य आर्थिक स्रोतहरूको अवस्था कमजोर देखिनु मूल कारण हो ।

निर्वाचन आयोगमा पार्टीको तर्फबाट बुझाउन तयार पारिँदै गरेको आर्थिक आय-व्यय प्रतिवेदन (अडिट रिपोर्ट) मा उसले आर्थिक वर्ष २०७१/७२ मा ४ करोड रुपैयाँको आम्दानी-खर्च भएको देखाएको छ । निर्वाचन आयोगले राजनीतिक दलहरूलाई पुस मसान्तसम्म आफ्नो आम्दानी खर्चको विवरण बुझाउन गरेको आग्रहअनुसार एमाओवादीले अडिट रिपोर्ट तयार पारेको हो । रिपोर्टमा अध्यक्ष पुष्पकमल दाहालको हस्ताक्षर हुन भने बाँकी छ ।

### कुन नेताको तलब कति ?

**काठमाडौं/रास-** एकीकृत नेकपा माओवादीका केही नेतादेखि कार्यकर्तासम्मले पार्टी केन्द्रीय कार्यालयबाट नियमित रूपमा पारिश्रमिक लिने गरेका छन् । पार्टी केन्द्रीय कार्यालयबाट नियमित रूपमा पारिश्रमिक लिने नेतादेखि कार्यकर्तासम्मलाई उसले पदीय जिम्मेवारीअनुसारको श्रेणी विभाजन गरेर रकम उपलब्ध गराउँदै आएको छ ।

एमाओवादी केन्द्रीय कार्यालयका अनुसार केन्द्रीय सदस्यका हकमा २३ हजार, राज्य समितिका सदस्यहरूको हकमा १८ हजार र अन्य तहका कार्यकर्ताका हकमा १२ हजार रुपैयाँका दरले मासिक पारिश्रमिकको व्यवस्था एमाओवादीले गरेको छ ।

अघिल्लो आर्थिक वर्षमा एमाओवादीले ३ लाख पार्टी सदस्यबाट लेबी उठाएको विवरण निर्वाचन आयोगमा देखाए पनि यस पटकको अडिट रिपोर्टमा त्यो संख्यामा पनि कमी आएको छ । एमाओवादीले अहिले झन्डै २ लाख ७० हजार पार्टी सदस्य तथा शुभचिन्तकहरूबाट मात्रै लेबी उठाएको विवरण उल्लेख छ ।

'विगतको तुलनामा यस पटक नियमित लेबी बुझाउने पार्टी सदस्यको संख्या घटेको छ, त्यो संख्या झन्डै ३० हजार घटेको देखिएको छ,' एमाओवादी केन्द्रीय कार्यालयमा कार्यरत एक नेताले राजधानीसँग भने, 'त्यस्तै, अन्य स्रोतहरू पनि खुम्चिन पुगेको छ ।' एमाओवादीले पार्टी सदस्यबाट नियमित लेबी, पार्टीका सांसदहरूको विशेष लेबी र अन्य सहयोग दाताहरूबाट चन्दा सहायता लिँदै आएको थियो ।

यस वर्षको आम्दानी र खर्चको तुलना गर्दा पनि एमाओवादी ७० लाखले घाटामा छ । त्यो घाटा विगतको बचत रकमबाट भरथेग गरिएको एमाओवादी स्रोतले बतायो । उसले केही नेतादेखि कार्यकर्तासम्मलाई मासिक रूपमा उपलब्ध गराउँदै आएको पारिश्रमिक सबैभन्दा ठुलो खर्चका रूपमा देखिएको छ । मासिक रूपमा अढाइ लाखदेखि ३ लाख रुपैयाँसम्म उसले पारिश्रमिकमा खर्च गर्दै आएको छ ।

केन्द्रीय कार्यालयबाट मात्रै एमाओवादीका १६ जना केन्द्रीय सदस्यहरूले नियमति रूपमा तलब बुझ्ने गर्छन् । त्यस्तै, राज्य समिति र जिल्ला समिति स्तरका केही नेताले पनि केन्द्रीय कार्यालयबाट तलब बुझ्ने गरेका छन् । अध्यक्ष दाहालको निजी सचिवालयदेखि दाहालको भान्से र ड्राइभरको समेत तलब केन्द्रीय कार्यालयले नै बेहोर्ने गरेको अडिट रिपोर्टमा उल्लेख छ ।

दाहालका स्वकीय सचिव जोगबहादुर महरा, प्रेस सहयोगी सूर्यकिरण शर्मा, भान्सामा काम गर्ने दुई महिला र दुई चालक (डाइभर) लाई पनि केन्द्रीय कार्यालयले नियमित पारिश्रमिक उपलब्ध गराउने गरेको छ । 'केन्द्रीय कार्यालयका कर्मचारीदेखि पार्टी अध्यक्षका निजी सचिवालय र भान्सामा काम गर्नेदेखि चालकसम्मको खर्च पनि पार्टीले नै बेहोर्छ,' ती नेताले भने ।


(बाँकी पृष्ठ २ मा)


### कांग्रेस संस्थापनको नयाँ रणनीति

# ६ वर्ष अघिसम्मको क्रियाशील सदस्यता मात्र मान्य

**संस्थापनलाई फाइदा देउवा पक्षलाई घाटा**

**भुवन शर्मा/राजधानी**
काठमाडौं, २५ पुस

नेपाली कांग्रेसको १३औं महाधिवेशनको तिथि नजिकिँदै जाँदा क्रियाशील सदस्यताको विवाद फेरि बल्झने भएको छ । आइतबार बस्ने केन्द्रीय समितिको बैठक क्रियाशील सदस्यताको विषयमा नै केन्द्रित हुने भएको छ ।

क्रियाशील सदस्यताको विषयमा पार्टी कार्यालयमा अहिले ६ ओटा टोली अनशन बसेका छन् । पार्टी कार्यालयमा शुक्रबारदेखि एउटा टोली थप भएको छ । शुक्रबार कैलालीको एउटा टोली अनशनमा थपिएको हो ।

आइतबार बस्ने केन्द्रीय समितिको बैठकमा अनशनलाई लिएर संस्थापन पक्षसँग निकट केन्द्रीय सदस्यहरूले नरहरि आचार्यले प्रस्तुत गरेको क्रियाशील सदस्यता छानबिन समितिको प्रतिवेदन पुनरावलोकन गर्न माग गर्ने तयारी गरेका छन् । यता, शेरबहादुर देउवा पक्षीय नेताहरूले भने आचार्यले प्रस्तुत गरेको प्रतिवेदन जस्ताको त्यस्तै कार्यान्वयन गर्नुपर्ने माग राख्दै आएका छन् । आचार्यले प्रस्तुत गरेको प्रतिवेदनलाई पुनरावलोकन गर्दा आगामी फागुन महिनामा महाधिवेशन हुन नसक्ने देउवा पक्षीय नेताहरूको भनाइ छ ।

स्रोतका अनुसार पार्टी सभापति सुशील कोइराला स्वयं पनि आचार्यले प्रस्तुत गरेको प्रतिवेदनप्रति सन्तुष्ट छैनन् । उनी प्रतिवेदन पुनरावलोकन गर्ने पक्षमा छन् । १२औं महाधिवेशनमा कायम भएको क्रियाशील सदस्यतालाई १३औं महाधिवेशनमा पनि कायम राख्ने र हाल थपिएको सदस्यतालाई भने १४औं महाधिवेशनमा पुगेर मात्र समायोजन गर्ने कोइरालाको भित्री चाहना रहेको स्रोतको दाबी छ । तर, देउवा पक्षीय नेताहरूले आइतबार बस्ने केन्द्रीय समितिको बैठकमा कुनै पनि अवस्थामा आचार्यले प्रस्तुत गरेको प्रतिवेदनलाई स्वीकार गर्नुपर्ने अडान राख्ने भएका छन् । कोइराला पक्षीय नेताहरू भने आचार्यले प्रस्तुत गरेको प्रतिवेदनले विवाद उत्पन्न गराएको भन्दै पुनः संशोधन गर्नुपर्ने माग राख्ने भएका छन् ।


(बाँकी पृष्ठ २ मा)


## नेतृत्व परिवर्तन : सिटौला



**मोरङ/रास-** नेपाली कांग्रेसका महामन्त्री कृष्णप्रसाद सिटौलाले १३औं महाधिवेशनबाट पार्टीको नेतृत्व परिवर्तन हुने बताएका छन् ।

सभापतिमा सुशील कोइरालाले पुनः उम्मेदवारी दिने चर्चा चलिरहेका बेला उनीनिकट मानिने सिटौलाले महाधिवेशनबाट नेतृत्व परिवर्तन हुने दाबी गरेका हुन् । शनिबार विराटनगरमा प्रेस युनियन मोरङले आयोजना गरेको पत्रकार सम्मेलनमा उनले महाधिवेशनपछि कांग्रेस नयाँ कार्यदिशा, योजना र नेतृत्वसहित अगाडि बढ्ने बताए ।

उनले भने 'अब कांग्रेसलाई नयाँ ढंगको नेतृत्व र युग सुहाउँदो पार्टीका रूपमा अगाडि बढाउनुपर्छ,' महामन्त्री सिटौलाले आफ्नो उम्मेदवारीको विषयमा पनि समय आएपछि बताउने बताए ।

सिटौलाले उम्मेदवारी घोषणाको समय आइनसकेको उल्लेख गर्दै भने, 'जोजसले पनि समय आएपछि घोषणा गर्ने हो, त्यसअघि कसले के बोल्छले अर्थ राख्दैन ।' उनले जिल्ला अधिवेशनपछि उम्मेदवारी घोषणा हुनेसमेत स्पष्ट पारे ।

# नाममै सीमित महानगरीय प्रहरी

## 'नाम दिइयो, काम गर्न अधिकार दिँदै दिइएन'

**टपेन्द्र कार्की/राजधानी**
काठमाडौं, २५ पुस



**अन्य मुलुकमा महानगरीय प्रहरीलाई न्यायिक अधिकार दिएका कारण उसले आफ्नो सहरको शान्ति सुरक्षामा कुनै कमी आउन दिएको छैन तर हामीकहाँ भने अधिकारविहीन महानगरीय प्रहरी छ, तैपनि राजधानीको सुरक्षामा कुनै कमी आउन दिएका छैनौं**
**● प्रतापसिंह थापा, एआईजी**

सरकारले उपत्यका प्रहरीलाई महानगरीय अवधारणाअनुरूप महानगरीय प्रहरी बनाएको भए पनि अधिकार नदिँदा अलपत्र अवस्थामा काम गर्न बाध्य भएको छ । १० वर्षअघि सरकारले महानगरीय प्रहरीका रूपमा विकास गरे पनि अर्धन्यायिक अधिकार नदिँदा नाम र लोगो परिवर्तन भए पनि काम तिन जिल्ला प्रहरी कार्यालयलाई नेतृत्व गर्नमै सीमित हुन पुगेको हो ।

'नाम दिइयो, काम गर्न अधिकार दिँदै दिइएन, नाम मात्रको महानगरीय प्रहरी भएका कारण राजधानीवासीलाई सोचेजस्तो सेवा र सुविधा दिन सकिएको छैन,' महानगरीय प्रहरी कार्यालयका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) प्रतापसिंह थापाले राजधानीसँग भने, 'अन्य मुलुकमा महानगरीय प्रहरीलाई न्यायिक अधिकार दिएका कारण उसले आफ्नो सहरको शान्ति सुरक्षामा कुनै कमी आउन दिएको छैन तर हामीकहाँ भने अधिकारविहीन महानगरीय प्रहरी छ, तैपनि राजधानीको सुरक्षामा कुनै कमी आउन दिएका छैनौं ।'

उनले राजधानीको शान्ति सुरक्षा कायम राख्न सर्वप्रथम प्रहरीको आचरण शुद्ध हुनुपर्ने भन्दै प्रहरी शुद्धीकरण अभियान सुरु गरेको जानकारी पनि दिए । 'अधिकार सम्पन्न नहुँदा राजधानीमा अपराधका घटना बढी रहेको तथ्यांकले देखाएको छ, त्यसकारण अपराधका घटनामा कमी ल्याउन अहिले प्रहरीको शुद्धीकरण अभियान पहिलो प्राथमिकतामा रहेको छ,' न्यायिक अधिकारको माग गर्दै आएका महानगरीय प्रहरी प्रमुख थापाले भने ।

उनका अनुसार राजधानी काठमाडौंमा सुरक्षा अवस्था ठिक छ, यहाँ कुनै पनि संगठित अपराध हुँदैन भनेर अन्तर्राष्ट्रिय समुदायलाई पनि आश्वस्त पार्नुपर्ने भएकाले अहिले प्रहरीको परिचालन तथा काम गराइमा समेत परिवर्तन ल्याइएको छ ।

समाजमा हुने सबै प्रकारका अपराध नियन्त्रण गर्न प्रहरीको एक्लो प्रयासले मात्रै नहुने भएकाले सामुदायिक प्रहरीको अवधारणालाई अझै व्यापक बनाउँदै लैजाने तयारीमा लागेको जानकारी पनि एआईजी थापाले दिए । 'एक विदेशी महिला राजधानीमा निर्धक्क रूपमा हिँड्न सक्छे तर हाम्रा नेपाली महिला किन त्यसरी हिँड्न सक्दैनन् ? त्यसतर्फ पनि खोजी हुनु जरुरी छ,' उनले भने ।


(बाँकी पृष्ठ २ मा)



ADMISSIONS OPEN

BBA
MBA

Spring Intake 2016

• Credit transfer to USA, UK, Australia & European Countries

Facilities:
• Frequent Industrial visits
• More than 100 presentations during the study period
• SPSS class for research
• Video Conference by Professors from USA & UK
• Job Placement
• More than 120 case studies in each Semester
• Chinese / French languages
• i-Learn, i-Business, i-Assignment
• Guest Lectures by National & International reputed Professors, Scholars etc.
• 24 hours internet & wi-fi within college premises

Delta International University of New Orleans has the Full Accreditation from ASIC (Accreditation Service for International Colleges). ASIC is a recognized accrediting organization in the UK. ASIC is a member of "Council for Higher Education Accreditation (CHEA) International Quality Group", USA.

Forms are being distributed...

nova int'l college

NOVA INTERNATIONAL COLLEGE
Affiliated to Delta International University of New Orleans, USA
Approved by Ministry of Education, Nepal
Minbhawan, New Baneshwor, KTM (Way to Nepal Commerce Campus)
☎ 4107030, 01-4107311
email:info@novacollege.edu.np novacollege.edu.np www.novacollege.edu.np

Pursue Your Management Dream at Nova Int'l College


C M Y K

## छोटकरी

### सिंगो कमिटी संघीय फोरममा प्रवेश

**बारा/रास–** नेकपा एकीकृत बाराका संयोजक बुद्धिमान घिसिङसहित सिंगो कमिटी संघीय समाजवादी फोरम नेपालमा प्रवेश गरेको छ। कलैयास्थित एभरेस्ट लजमा शनिबार पत्रकार सम्मेलन गर्दै संयोजक घिसिङसहितकाले नेकपा एकीकृत परित्याग गरी फोरम नेपालमा प्रवेश गरेको घोषणा गरेका छन्।

यस्तै, नेपाल तमाङ स्वशासित संघ बाराका अध्यक्ष पसाङ घिसिङ, सचिव सुरेश रुम्बा, नेपाल युवा कम्युनिस्ट संघ बाराका संयोजक विजयकुमार साह, अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन एकीकृत बाराका संयोजक मुकेश यादवसहितका कमिटी र सदस्यहरूले फोरम नेपालमा प्रवेश गरेको घोषणा गरेका छन्। पत्रकार सम्मेलनमा बुद्धिमान घिसिङका साथै इमान तमाङ, पसाङ दोर्जे योनजन, राज रुम्बा तमाङ, जितबहादुर बोलोन तमाङ, प्रदीप बम्जन, राधिकादेवी दास, रमेशप्रसाद साह, अशोककुमार मिश्र, महमद गनि मियाँलगायतले नेकपा एकीकृत पार्टी परित्याग गरी फोरम नेपालमा प्रवेश गरेका हुन्।

### फोहोर व्यवस्थापनमा कठिनाइ

**इलाम/रास–** कन्याम, फिक्कल र पञ्चकन्या गाविसलाई मिसाएर सूर्योदय नगरपालिका बनाएपछि नगरपालिकाको फोहोर व्यवस्थापनमा कठिनाइ भएको छ। यस नगरपालिकाका केही भाग पर्यटकीय क्षेत्र भएका कारण दिनहुँ वनभोज खान आउने आन्तरिक तथा बाह्य पर्यटकले छाडेको फोहोरले कन्याम र आसपासका क्षेत्र र समुदायलाई असर पुग्न थालेको स्थानीयले बताएका छन्। नगरपालिका घोषणापछि अर्थ मन्त्रालयले सरसफाइको ठेक्का प्रक्रिया रोकिदिएका कारण अहिलेसम्म फोहोर कसले र कसरी व्यवस्थापन गर्ने भन्ने विषय अन्योल बन्दै आएको छ।

'मन्त्रालयले ठेक्का प्रक्रिया रोकिदिएपछि नगरपालिका र कन्याम पर्यटन विकास समितिले पनि केही गर्न सकेको छैन,' उपभोक्ता समितिका अध्यक्ष काजिमान कागतेले भने, 'कन्याम चिया बगान लिजमा लिएको संघाई ग्रुपले आफ्नो क्षेत्रभित्रको ठेक्का रोक्न अर्थ मन्त्रालयलाई पत्र बुझाएको थियो।

# आन्दोलनले विकास निर्माण ठप्प

**तुलसी भण्डारी/राजधानी**
वीरगन्ज, २५ पुस

वीरगन्ज उप-महानगरपालिकाले सार्वजनिक गरेको बहुआयामिक विकास निर्माणका योजना मधेस आन्दोलनका कारण ठप्प भएको छ।

वीरगन्ज सहरलाई सुसंस्कृत एवं सभ्य नागरिकको बासस्थान बनाउने भन्दै थालिएको ३ अर्ब बढी लगानीका विकास निर्माणका योजना सबै मधेस आन्दोलनका कारण रोकिएका छन्।

मझौला सहर एकीकृत सहरी वातावरणीय सुधार परियोजनाअन्तर्गत भइरहेको वीरगन्ज नगर व्यवस्थित विकास निर्माण ठप्प भएको परियोजना सञ्चालक वीरगन्ज उप-महानगरपालिले जनाएको छ। तिन/चार वर्षको प्रयासपछि बल्ल उप-महानगरपालिकाले विकास परियोजनाको काम प्रारम्भ गरेको तर तराई मधेस आन्दोलनका नाममा सबै काम रोकिएको उनले बताए। काम युद्धस्तरमा चलिरहेको बेला मधेसको अधिकारको नाममा भएको आन्दोलनले सम्पूर्ण कार्य रोकिएको वीरगन्ज उप-महानगरपालिकाका परियोजना व्यवस्थापक शैलेन्द्र श्रेष्ठले *राजधानी*सँग बताए। नगरको व्यवस्थित विकासका लागि वीरगन्ज उप-महानगरपालिका र ठेकेदार कम्पनीबिच १८ चैत ०७० मा सम्झौता भएको थियो।

उप-महानगरपालिकाको भौतिक पूर्वाधार विकासका लागि एसियाली विकास बैंकको सहयोगमा नेपाल सरकारको ८१ प्रतिशत, नगर विकास कोष (टीडीएफ) को ११ प्रतिशत र उप-महानगरपालिकाको स्थानीय कोष परिचालनबाट ८ प्रतिशत लगानी गरी कुल २ अर्ब ८० करोड रुपैयाँको लागतमा निर्माण भइरहेको परियोजनाको काम ४० प्रतिशत मात्रै सम्मन्न भएको परियोजना व्यवस्थापक श्रेष्ठले बताए। बाँकी कार्य सम्पन्न गर्न जिम्मेवारी लिएको चिनियाँ कम्पनी सीटीसीसीई र नेपाली निर्माण कम्पनी कालिकाको ज्वाइन्ट भेन्चर कम्पनीले अब कार्य गर्न नसक्ने बताएको उनले जनाए। 'काम सञ्चालन भएपछि पाँच महिनासम्म खोलाबाट बालुवा-गिटी निकाल्न नमिल्ने भनी अवरोध र थप पाँच महिना आन्दोलनका कारण अवरोध भएपछि निर्माणकर्ता सन्तुष्ट नभएको अवस्था छ,' उनले भने।

निर्माण कम्पनीले सम्पन्न गर्नुपर्ने कामअन्तर्गत ५३ दशमलव ४६ किलोमिटर भूमिगत (अन्डरग्राउन्ड) नाला निर्माणमा जम्मा २२ दशमलव ५३ किलोमिटर, ४२ दशमलव २३ किलोमिटर इँटाको पर्खाल निर्माण


*आन्दोलनपूर्व वीरगन्ज नयाँ बसपार्कमा भइरहेको विकासको काम। हाल यो सबै काम ठप्प छ।*

**काम युद्धस्तरमा चलिरहेको बेला मधेसको अधिकारको नाममा भएको आन्दोलनले सम्पूर्ण कार्य रोकिएको वीरगन्ज उप-महानगरपालिकाका परियोजना व्यवस्थापक शैलेन्द्र श्रेष्ठले *राजधानी*सँग बताए। नगरको व्यवस्थित विकासका लागि वीरगन्ज उप-महानगरपालिका र ठेकेदार कम्पनीबिच १८ चैत ०७० मा सम्झौता भएको थियो।**

गर्नुपर्नेमा २२ दशमलव ५३ किलोमिटर, आरसीसी ह्युम पाइप ५ दशमलव १९ किलोमिटर हुनुपर्नेमा १ दशमलव ४४ किलोमिटर मात्र सम्पन्न गरेको छ। यसैगरी, ११ दशमलव ४ किलोमिटर सडक कालोपत्रे गर्नुपर्नेमा ८ दशमलव ३ किलोमिटर माटो पुरी ग्राभेल र १५ दशमलव २ किलोमिटर ट्वाइलेट, बाथरुम र भान्साको पानी निस्केको अलग नाला (सिवरेज) बनाई व्यवस्थित गर्नुपर्ने काम जम्मा १ दशमलव ९९ किलोमिटर मात्र बनाई जम्मा ४० प्रतिशतभन्दा बढी काम हुन नसकेको परियोजना सञ्चालक उप-महानगरपालिकाको तथ्यांकमा उल्लेख छ।

उप-महानगरपालिकाले नगरको विकासका लागि भौतिक पूर्वाधार सम्पन्न गर्न जम्मा २५ महिनाको समयावधि उपलब्ध गराएको कालिका निर्माण कम्पनीका प्रोप्राइटर ठाकुर ढकालले बताए। जसमा १० महिना मात्र काम गर्ने केही सहज अवस्था भएको र बाँकी समय काम गर्नसक्ने अवस्था नभएको ठाकुरले बताए।

सम्झौतामा स्थानीय स्तरमा आउने समस्या सुल्झाउने जिम्मेवारी उप-महानगरपालिकाको भएको उल्लेख भए अनुसार उसले पहल गर्न सकेको छैन। त्यसैले, आफूहरूले पाएकाले जिम्मेवारी पूरा गर्न निर्धारित समयमा सम्भव नभएको उनको भनाइ छ।

# गतिरोध छिट्टै अन्त्य हुन्छ : दाहाल

**राजधानी संवाददाता**
दाङ, २५ पुस



एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले देशमा देखिएको गतिरोध छिट्टै अत्य हुने दाबी गरेका छन्।

तुलसीपुरस्थित टरीगाउँ विमानस्थलमा तुलसीपुर उद्योग वाणिज्य संघले आयोजना गरेको कार्यक्रममा उनले गतिरोध अत्यका लागि संविधान संशोधन हुन लागेको बताए। संसद्मा दर्ता भएको संशोधन प्रस्तावबाट मधेसी तथा थारू समुदायका उचित माग सम्बोधन हुने भएकाले अब मुलुकले निकास पाउने उनको भनाइ छ।

पूर्वप्रधानमन्त्री दाहालले दाङको एक मात्र हवाई सेवा नियमित हुन नसकेको प्रति चिन्ता व्यक्त गर्दै हवाई सेवाका लागि नेपालगन्जको राँझाबाट आवतजावत गर्नु यो बाध्यतालाई हटाउन पहल गर्ने प्रतिबद्धता जनाए।

यस्तै, कार्यक्रममा नेता नारायणकाजी श्रेष्ठ र पूर्वपर्यटन तथा नागरिक उड्डयनमन्त्री लोकेन्द्र विष्ट मगर पनि सहभागी थिए। कार्यक्रममा तुलसीपुर उद्योग वाणिज्य संघका अध्यक्ष विमल रिजालले ०१६ सालमा स्थापना भएको विमानस्थलको धावनमार्ग विस्तार, नियमित हवाई सेवा, इन्धन डिपोलगायत मागसहितको पाँच बुँदे ज्ञापन पत्र बुझाएका थिए।

# अहिलेको सरकार राष्ट्रवादी : उपप्रधानमन्त्री

**राजधानी संवाददाता**
हेटौंडा, २५ पुस

उपप्रधान, परराष्ट्र तथा स्थानीय विकासमन्त्री कमल थापाले अहिलेको सरकार राष्ट्रवादी सरकार भएको दाबी गरेका छन्। उनले अहिलेको गठबन्धनको सरकार राष्ट्रको पक्ष र हितमा काम गरिरहेको बताएका छन्।

नारायणी यातायात व्यवसायी संघ हेटौंडाको २९औं वार्षिक साधारण सभाको शनिबार हेटौंडामा उद्घाटन गर्दै उनले सरकार राष्ट्र र जनताप्रति उत्तरदायी रहेको बताए। सरकारको गठबन्धनको आधार भनेको नै समग्र आर्थिक विकासका लागि भएको बताए। सरकारले समग्र आर्थिक विकासका लागि काम गर्ने बताए। उनले भने, 'अब सानातिना मतभेदलाई बिर्सेर समग्र देश विकासमा लाग्नुपर्छ।'

अहिले मुलुकले विद्युत्को संकट खेपिरहेकाले यसबाट मुक्त गर्न केही वर्ष लाग्ने बताए। मुलुकमा निर्माण भइरहेका आयोजनालाई पूरा गरेर लोडसेडिङको अन्त्यसँगै विद्युत् बिक्री हुने दाबी गरे। अहिले मुलुकमा १५ सय मेगावाट विद्युत्को माग भएको र त्यहीअनुसार विद्युत् आयोजना निर्माण गर्नका लागि सरकार लागिपर्ने बताए। सडक र पूर्वाधार विकासमा सरकार लागेको बताउँदै थापाले विकासमा सबै एकजुट भए कायापलट हुने उल्लेख गरे। यातायात क्षेत्रका व्यवसायीका लागि सरकारले सहयोग गर्ने आश्वासन दिए। उनले भने, 'नाकाबन्दीपछि अहिले सरकारले उद्योगीका लागि केही राहतका कार्यक्रम ल्याएको छ।'

# पुनर्निर्माणको योजना नआउँदा भूकम्पपीडित आक्रोशित

**भोलाराज पौडेल/राजधानी**
नुवाकोट, २५ पुस

भूकम्प गएको आठ महिना बितिसक्दा पनि पुनर्निर्माण राहतका योजना सरकारले अघि नबढाएको भन्दै भूकम्पपीडित आक्रोशित भएका छन्।

भूकम्प आवास पुनर्निर्माण परियोजनाले शनिबार सदरमुकाम विदुरमा आयोजना गरेको एक कार्यक्रममा सहभागी पीडित, राजनीतिक दल र सरोकारवाला निकायले जाडो सकिन लागे पनि भूकम्पपीडितले कुनै राहत नपाएकोमा सरकार दोषी भएको आरोप लगाए। उनीहरूले फुर्सदको समय हिउँदमा समेत घर निर्माण सुरु नहुँदा निराश भएको टिप्पणी गरेका छन्। 'अस्थायी टहरोमा श्वासप्रश्वासको समस्या देखिएको छ,' जिलिङका यम पुडासैनीले भने, 'पुनर्निर्माणको योजना तत्काल आउनुपर्‍यो।' भूकम्पका कारण अस्थायी टहरोमा बस्ने बालबालिका तथा वृद्धवृद्धाको चिसोले मृत्युसमेत हुन थालेको उनीहरूले बताए।

भूकम्प गएको लामो समय बितिसक्दा पनि अझै पुनर्निर्माणको योजना अघि नबढ्दा अन्योलमा बस्नु परेको पीडितले गुनासो गरेका छन्। एकातर्फ अस्थायी टहरोमा चिसोले श्वासप्रश्वास, निमोनियालगायत समस्या भोग्न बाध्य छन् भने अर्को तर्फ हिउँदको फुर्सदिलो समयमा सरकारले दिएको अनुदानबाट घर बनाउने आशा बोकेका नागरिक सरकारको स्पष्ट नीति नआउँदा खिन्न हुनु परेको पुडासैनीले बताए।

नेकपा एमाले नुवाकोटका अध्यक्ष नारायणप्रसाद खतिवडाले हिउँदको समयमा सर्वसाधारणले घर निर्माणको सरकारी योजना आउँछ भन्ने आशा गरे पनि सरकारबाट त्यो आशा निराशामा परिणत गराइदिएको आरोप लगाए। 'अब हिउँद पनि सकिनै लाग्यो, भूकम्पपीडित सरकारको मुख ताकेर बस्नेछैनन्,' खतिवडाले भने, 'पीडितले आफूखुसी बनाएको घरका लागि पनि सरकारी अनुदान पाउनुपर्छ।' खतिवडाले सरकारले घर निर्माणका लागि दिने भनेको २ लाख रुपैयाँको पहिलो किस्ता रकम तत्काल उपलब्ध गराउनसमेत माग गरे।

कार्यक्रममा केही दिनभित्रै जिल्लामा पुनर्निर्माणको योजना अघि बढ्ने परियोजनाका उपप्रमुख गुरुप्रसाद शर्माले बताए। उनले परियोजनाको कार्यविधिको तयार भइसकेकाले नुवाकोटमा छिट्टै पुनर्निर्माण योजना अघि बढ्ने बताए। 'पुनर्निर्माण योजना अघि बढाउनकै लागि हामी आएका छौं,' शर्माले भने, 'दोलखा, नुवाकोट र धादिङमा पहिलो चरणको निर्माण थालनी हुनेछ।' कार्यक्रममा नेपाली कांग्रेसका राजु थापाले राजनीतिक दललाई पाखा लगाएर कुनै पनि विकास निर्माणको काम अघि बढ्न नसक्ने बताए।

# थारू संस्कृति संरक्षण गर्न खिचरा महोत्सव

**राजधानी संवाददाता**
चितवन, २५ पुस

थारू जातिको संस्कृति संरक्षणका लागि चितवनमा खिचरा महोत्सव गरिने भएको छ।

थारू समुदायको जीवनशैली, वेषभूषा, कला संस्कृतिबारे पाँच दिनसम्म प्रदर्शन गरी महोत्सवकै रूपमा मनाउन लागिएको थारू कल्याणकारी सभाले जनाएको छ। चितवनमा हुने महोत्सवमा देशका विभिन्न क्षेत्रमा बसोबास गर्ने थारू समुदायका काला संस्कृतिलाई प्रदर्शनमा राखिने आयोजकले बताएको छ।

माघ सुरु भएसँगै थारूहरूले नयाँ वर्षको रूपमा माघी मनाउने चलन छ। नयाँ वर्षको स्वागतमा थारू परम्पराअनुसार विशेष गरी चिचर र माछा खाने चलन छ। महोत्सवमा थारूका परम्परागत सामग्री माछा मार्ने जाल, ढडिया, कोहिनी, बेहोरी, घेवरी, पेदाहा, खराउ, ढकना, माटाको डुहुरीलगायत सामग्री प्रदर्शन गरिने शनिबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको छ।

थारू समुदायले १ माघलाई खिचरा पर्वका रूपमा मनाउँदै आएका छन्। सो दिनलाई थारू संस्कृतिअनुसार नयाँ वर्षको रूपमा समेत लिने गरिएको थारू कल्याणकारी सभा क्षेत्र नं. ७ का



अध्यक्ष नारायण महतोले बताए।

खिचरा पर्वका अवसर पारेर चितवनको खैरहनी नगरपालिकामा २९ पुसदेखि ३ माघसम्म खिचरा महोत्सव गर्न लागिएको महतोले जानकारी दिए। थारू समुदायको पछिल्लो पुस्तालाई समेत आफ्नो कला संस्कृतिबारे जानकारी आवश्यक रहेको बताउँदै महतोले अन्य समुदायलाई समेत थारू संस्कृतिबारे जानकारी गराउन यो महोत्सव आयोजना गरिएको जनाए।

'राष्ट्रिय एकता र विविधता हाम्रो सान, बहुजाति भाषा संस्कृति नेपालीको पहिचान' भन्ने मूल नाराका साथ आयोजना गर्न लागिएको महोत्सवमा थारू समुदायले प्रयोग गर्दै आएका सामग्रीलाई थारू संग्रहालय बनाई महोत्सवमा देखाइने आयोजकले बताएका छन्।

महोत्सवमा देशका अन्य क्षेत्रमा बसोबास गर्ने थारू समुदायको वेषभूषा नृत्यहरूसमेत प्रदर्शन गरिने बताइएको छ। ५० हजार दर्शकको अपेक्षा राखेका आयोजकले यस महोत्सवमा १५ लाख रुपैयाँ खर्च हुने बताएका छन्। चितवनका आदिवासीको रूपमा रहेका थारू समुदायले ०७० सालदेखि हरेक वर्ष खिचरा महोत्सव मनाउँदै आएका छन्।


GOVERNMENT OF NEPAL
MINISTRY OF IRRIGATION
DEPARTMENT OF WATER INDUCED DISASTER PREVENTION
WATER INDUCED DISASTER PREVENTION DIVISION OFFICE NO. 14, Rupandehi

## INVITATION FOR BIDS

**Notice No:- 01/2072-073**
(First Publication Date: 10th Jan, 2016)

The Government of Nepal, Ministry of Irrigation, Department of Water Induced Disaster Prevention (DWIDP) has received a fund from the President Chure Tarai Madhesh Conservation Development Committee for the construction of Revetment, Catch-drain, drain out structure and protection works along Banganga River in Kapilbastu District. **Water Induced Disaster Prevention Division no. 14 (widpd-14)**, Rupandehi hereby invites sealed Bids from eligible bidders under the following terms and conditions:

1. The bidders who are registered in Government of Nepal (GON) with Permanent Account Number (PAN) may purchase bidding documents on the submission of a written application along with copies of Firm Registration Certificate, Tax and VAT clearance certificate (FY 2071/72) and upon the payment of non-refundable amount of NRs. 3000.00 during office hours from **Water Induced Disaster Prevention Division Office No. 14, Rupandehi** on or before 30th (8th Feb 2016) day from the first day of publication of this notice. Alternatively, the bidder may choose to deposit the cost of Bidding Document in the following revenue (Rajaswa) account of the **District Treasury Office Rupandehi, Agriculture Development Bank, Bhairahawa.** Office Code No:- 37-357-02, Rajaswa sirsak No:- 14227 Rajswa Account No. 04146-0101-4253012
2. All duly filled sealed tenders must be accompanied with a Bid security amount as mentioned hereunder in the form of cash voucher deposited in A/C No.0414601014253047 in of District Treasury Office, Rupandehi in Office Code No:- 37-357-02 in Agriculture Development Bank, Bhairahawa or Bid Bond in the format as enclosed by the Employer with the Bid document of the same amount in the form of Bank guarantee of an acceptable commercial bank in Nepal which is valid for a period of at least 120 days from the dead line of submission of the bid.
3. The bid shall be enclosed in a sealed envelope clearly mentioning the name of the work, Contract No. as well as name and address along with the e-mail address and post box number of the bidders and should be submitted to: **Water Induced Disaster Prevention Division Office No. 14, Bhairahawa, Rupandehi** on or before 12:00 hour on the 32nd (10th Feb 2016) day from first date of publication of this Invitation for bids. Any BID received after the above specified date and time will not be entertained. ***Interested eligible bidders may visit-e-GP Portal of PPMO website http://www.bolpatra.gov.np and submit their bids, modifications or withdrawal electronically.***
4. Bids will be opened at 14:00 hour on the 32nd (10th Feb 2016) day from the first date of publication of the notice which is the last date of submission of BID in presence of the bidders or their authorized representatives who choose to attend or even in their absence at **Water Induced Disaster Prevention Division Office No. 14, Rupandehi**. If the last date of purchasing of bid Documents, submission and opening falls on a public holiday then the next working day shall be considered as last day.
5. Bid will be awarded to successful bidder on post qualification basis satisfying the minimum qualification criteria as described in the Bidding Document.
6. Processing of the Bidding Documents will be carried out as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064 and revisions up to the 1st day of publication of notice.
7. **Water Induced Disaster Prevention Division Office No. 14, Rupandehi** reserves the right to accept or reject any or all BID fully or partially and to annul the bidding process at any time without giving any reason whatsoever. CONDITIONAL BID will not be entertained.
8. Particulars not mentioned in this notice will be in accordance with the prevailing procurement rules and regulations of Government of Nepal.
9. This office or any of its concerned agencies will not be responsible for any expenses incurred by the bidders in connection with the preparation and delivery of bids.
10. All the relevant documents (original/attested) pertaining to evaluation of technical aspects should be submitted along with the bid. Failure to meet the evaluation criteria will lead to **Non Responsive Bid**.
11. Bidders are advised to visit the site and access the actual site condition before submitting their bid with their own cost.
12. For working in a Joint Venture, an agreement for the same should be submitted. In the case of JV bids it is compulsory for the lead partner to secure a minimum of 50% and that of all other partners to secure 25 % percent of the stipulated provision as specified in the biding data.
13. The Bidder shall quote item rates without VAT in Nepalese Currency both in words and figures. If there any discrepancy exists between the rates in words and figures, the rates in words will prevail.
14. All bidders must submit a written declaration according to clause 40(2)-Ang of Public Procurement Regulation, 2064.The bidders failing to do so shall not be included in the evaluation process.
15. Any further information can be obtained from this office during office hours. The email is div14.dwidp@gmail, and mobile no. 9857012509, phone no 071526509.

| S.No. | Contract No. | Description of work | Location | Bid Document Cost | Bid Security Amount |
|---|---|---|---|---|---|
| 1 | RCTMS/Ban - 01/072-73 | Construction of Spur and Revetment (28+500). | Dhankauli-9, Motinagar (Right Bank) | NRs. 3000.00 | NRs.1,70,000 |
| 2 | RCTMS/Ban - 02/072-73 | Construction of Spur and Revetment (42+000). | Sauraha -9, Akbarpur (Left Bank) | NRs. 3000.00 | NRs.1,90,000 |
| 3 | RCTMS/Ban - 03/072-73 | Construction of Spur and Revetment (45+500). | Singhkhor 6&7, Khoriya ( Left Bank) | NRs. 3000.00 | NRs.1,90,000 |

**Division Chief**
**Water Induced Disaster Prevention Division No.14, Rupandehi**

## सम्पादकीय

# सुन तस्करी रोक

विगत केही वर्षयता अवैध सुन ओसारपसारको धन्दा मौलाउँदै गएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र भारतसँग खुला सीमा भएका जिल्लाबाट बरामद भएको सुनको विवरणले अवैध सुन ओसारपसारको धन्दा मौलाएको तथ्यलाई प्रमाणित गरेको छ । विभिन्न विदेशी मुलुकबाट तस्करले ल्याउने अवैध सुन ठुलो परिमाणमा नेपाली बजारमा खपत हुने गरेको पाइन्छ । नेपाली बजारबाहेक तस्करले खुला सिमानाको फाइदा उठाउँदै भारतीय बजारसम्म त्यस्ता सुनका डल्ला पुऱ्याउने गरेका पाइएको छ ।

प्रहरीले यस्ता समूहबाट चार वर्षमा करिब ४ सय ५० किलो अवैध सुनसहित भरिया र केही व्यापारी पक्राउ गरेको तथ्यको आधारमा अवैध सुनको कारोबारमा ठुलै समूह सक्रिय रहेको आभास हुन्छ । प्रहरीले राजधानीका व्यापारीलाई नै कारोबारमा संलग्न रहेको अभियोगमा पक्राउ गरिसकेको छ । यो पहिलो भने होइन, यसअघि पनि व्यापारी पक्राउ परेका थिए । तर, भूपम्पपछि चीनसँग जोडिएको तातोपानी नाका बन्द भएपछि न्युरोडका व्यापारी संलग्न रहेको अवस्थामा ग्राहकसहित पक्राउ परेकाले यसबिचमा ठूलै समूह सो धन्दामा संलग्न रहेको अनुमान सहजै गर्न सकिन्छ । नेपाल प्रहरी र सशस्त्र प्रहरी भूकम्पको राहत तथा उद्धारमा खटिएको मौकामा तस्करहरूले सक्दो सुन तस्करी गरेको हुन सक्ने प्रहरीको अनुमानलाई विश्वास गर्ने प्रशस्त आधार खडा भएका छन् । यसअघि पनि न्युरोडका व्यापारीबाट ३ किलो सुन बरामद भएको थियो । यसले पनि के संकेत गर्छ भने मुलुककै मुख्य कारोबारस्थल न्युरोड अवैध तरिकाले भित्र्याएको सुन कारोबार गर्ने स्थलको रूपमा विकास हुन थालेको छ । त्यसलाई रोक्न राज्य संयन्त्रको ध्यान केन्द्रित हुन आवश्यक छ ।

सुनको वैध कारोबार गर्ने निकाय राष्ट्र बैंक र त्यस मातहतका वाणिज्य बैंक हुँदाहुँदै तस्कहरूले यसलाई कमाउने माध्यम बनाएका छन् । तस्करीको सुनमा लाखौं रुपैयाँ कमाइ हुने भएपछि उनीहरूले वैधानिक माध्यमभन्दा अवैध रूपमा भित्र्याएको सुनलाई वैध बनाउन लागिपरेका हुन सक्नेतर्फ पनि ध्यान जानु आवश्यक छ । त्रिभुवन विमानस्थल, तातोपानी भन्सार, मकवानपुर र तराईका केही जिल्लाबाट ठुलो परिमाणमा सुन बरामद गर्दै आएको प्रहरीले हालसम्म त्रिभुवन विमानस्थलबाट मात्रै ९० जनाभन्दा बढी सुन तस्करलाई पक्राउ गरेको छ । त्यसबाहेक अन्य स्थानबाट पनि प्रहरीले भरिया र मुख्य कारोबारीलाई पक्राउ गर्दै आएको भए पनि राजस्व अनुसन्धान विभाग वा अदालतबाट कानुनी छिद्रलाई उपयोग गर्दै उनीहरू पटक–पटक उम्कन सफल भएका छन् । उनीहरूलाई प्रहरीले राजस्व छलेको मात्रै होइन, संगठित अपराधमा समेत मुद्दा दायर गर्न थालेको भए पनि खासै उपलब्धि हासिल गर्न सकेको छैन । विमानस्थलबाट सुनसहित समातिनेमध्ये धेरैजसो सुन तस्करले दुबई–कतारको बाटो हुँदै सुन ल्याउने गरेको प्रहरीको भनाइ छ । यसरी अवैध सुन ओसारपसारको प्रमाणसहित समातिनेमा उल्लेख्य संख्यामा भारतीय तथा चिनियाँ नागरिक छन् । त्यसमा केही नेपाली पनि भरियाका रूपमा पक्राउ पर्दै आएका छन् तर उनीहरूलाई पर्याप्त सजाय हुन सकिरहेको छैन, जसले गर्दा कारोबारी पुरानै पेसामा संलग्न हुने गरेका छन् । समग्र अर्थतन्त्रलाई धराशयी बनाउनमा उनीहरूको पनि भूमिका देखिएको छ । राज्य नियन्त्रित संयन्त्रलाई उचित ढंगले परिचालन नगर्दा तथा बिचमा सुराकीहरू समेत कारोबारीसँग मिलेमतोमा रहँदा पनि यसले प्रश्रय पाएको हुन सक्नेतर्फ राज्यका सरोकारवाला निकायको ध्यान जानु आवश्यक देखिन्छ । देशको विषम परिस्थितिको फाइदा उठाउँदै केही महिनायता बढेको कालोबजारी र तस्करीले इन्धनलाई मात्र असर पारेको छैन, लगभग राज्यका सबै क्षेत्रमा कालोबजारी र तस्करीको उपस्थिति देखिएको छ । यसले राज्यलाई आर्थिक रूपमा त ठुलै नोक्सानी गर्छ नै, सामाजिक र नैतिक रूपमा पनि राज्य असफल हुन बेर लाग्दैन । यसर्थ राज्य यस कुरामा निकै सक्रिय र गम्भीर हुँदै शीघ्रातिशीघ्र यस्ता कार्य नियन्त्रणमा लाग्नु जरुरी छ ।

# एकता दिवस खारेजको निर्णय उल्ट्याउनु प्रतिगमन



■ प्रा.डा. गोपाल सिवाकोटी

नेपालमा राजतन्त्रको अन्त्य भएपछि खारेज गरिएको पृथ्वीनारायण शाहको जन्मदिवसलाई 'एकता दिवस'को रूपमा मनाइँदै आएकामा ०६४ सालमा गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले खारेज गरेको थियो । आठ वर्षअगाडि पुस २७ गते मनाइँदै आएको पृथ्वीनारायण शाहको जन्मजयन्तीलाई एकता दिवसका रूपमा मनाउन खारेज गर्ने निर्णयलाई संविधानसभाबाट संविधान जारी गरेको चार महिना पनि बित्न नपाउँदै संविधान र जनताको भावना तथा गणतान्त्रिक संघीय व्यवस्थाको मर्म र भावनाविपरीत उल्ट्याउने कार्य सुरु भएको छ । यदि पृथ्वीनारायण शाहको २९४औं जयन्तीलाई एकता दिवसका रूपमा मनाउन खारेज गरेको दिनलाई राष्ट्रिय एकीकरणको रूपमा मनाउने कार्य भएमा यसले मुलुकमा अर्को द्वन्द्व सिर्जना गर्न सक्ने जोखिमसमेत देखिएको छ । हालै नेपाल प्रज्ञाप्रतिष्ठानले पृथ्वीनारायण शाहको जयन्तीलाई राष्ट्रिय एकता दिवसका रूपमा मनाउने भव्य तयारी गरेको छ । यस्तै, गणतान्त्रिक राज्यका उपप्रधानमन्त्री सीपी मैनालीले एक समारोहमा राष्ट्रिय एकता दिवस खारेज गर्ने सरकारको पुरानो निर्णयलाई पुनरावलोकन गर्नका लागि मन्त्रिपरिषद् बैठकमा लैजाने कुरा सार्वजनिक गरेपछि यो विषय विवादमा परेको छ । साथै पृथ्वीनारायण शाहको योगदानलाई अवमूल्यन गरेको भनी उनको योगदानलाई सम्मान गर्नका लागि पुनः एकता दिवसका रूपमा मनाउने भन्ने जुन कुराहरू अभिव्यक्त भएका छन् वा तयारी भएका छन्, यसले संघीय गणतान्त्रिक नेपालको संविधान तथा विभिन्न जातजातिले चलाएको आन्दोलनको भावनाविपरीत सामान्ती केन्द्रीकृत राजतन्त्रको पक्षपोषण गर्ने छ । यो कार्य प्रतिगमनकारी र प्रतिक्रान्तिको प्रयासको रूपमा समेत हेरिएको छ ।

पृथ्वीनारायण शाहले कुनै कालखण्डमा राज्य बिस्तार गरेका हुन् । यही राज्य बिस्तारलाई नै योगदान मानेर उनको योगदानको कदर गर्ने नाममा राजतन्त्रलाई उन्मूलन गरेर समाजवादतर्फ उन्मुख भएको नेपालमा पुनः राजतन्त्रको गुणगान गरी राजालाई राष्ट्रिय एकताको प्रतीकका रूपमा स्थापित गर्ने कार्य जनताका आन्दोलनहरूको अपमान र सहिदहरूको रगतको अपमान हुने कार्य गरिनु दुखद विषय भएको छ । निश्चय नै नेपालको परम्परामा शासकहरूको तारिफ गरी कवि र लेखकहरूले भाटको चरित्र देखाएर भक्तिभाव देखाएर शासकको चाकरी गरी लाभ लिने काम गर्दै आएको परम्परा देखिन्छ । अहिले त्यही परम्परालाई निरन्तरता दिने र प्रज्ञाप्रतिष्ठानलाई प्राज्ञहरूको चिन्तनको थलो नबनाई शासकहरूको भजन गर्ने भाटहरूको थलो बनाउने कार्यतर्फ अहिलेका प्रज्ञाप्रतिष्ठानका नेतृत्व वर्ग अग्रसर हुनुले प्रज्ञाप्रतिष्ठानलाई नै भाटहरूको अखडा बनाउन त खोजिएको होइन भन्ने प्रश्न उठेको छ । यस्तै वर्तमान मन्त्रीहरूले राजतन्त्रको उन्मूलनका साथै पृथ्वीनारायणको जन्मजयन्तीलाई राष्ट्रिय एकता दिवशको रूपमा मनाउने परम्परालाई खारेज गरेको अग्रगामी कदमलाई पुनःउल्ट्याउने प्रस्ताव लैजाने जस्ता अभिव्यक्ति दिएकाले अहिले मन्त्रिपरिषद्मा रहेका व्यक्तिहरू नै प्रतिगमनका मतियारका रूपमा देखापरेका छन् ।

शासकहरूले शक्तिशाली बन्नका लागि बुद्धिजीवी, कवि, लेखकहरूको ठुलो जमातलाई आफ्नो प्रशस्ती लेखाउने र शासकलाई सबैभन्दा बुद्धिमान्, योग्य, दानी, दूरदृष्टि भएको भनी लेखाउनुपर्दछ र केही पछि जनताले पनि उसलाई महान् मान्न थाल्छन् र उसका दुर्गुणहरू बिर्सन्छन् । यसैले बुद्धिजीवी कवि, लेखकहरूलाई सम्मान दिएर खरिद गरेर आफ्नो पक्षमा पार्नुपर्छ भन्ने सोह्रौं शताब्दीमा फ्रान्सेली दार्शनिकहरूले शक्तिशाली निरंकुश तानाशाही शासक बन्नका लागि दिएको उपदेशलाई नै नेपालमा अहिले प्रयोग भइरहेको पछिल्लो कडीका रूपमा प्रज्ञाप्रतिष्ठानले गरेको कार्यलाई लिनुपर्दछ ।

अहिले नेपालमा मुलुक इतिहासकै कठिन मोडमा रहेको छ । राष्ट्रियता र लोकतन्त्र खतरामा परेको छ । भूकम्प पीडित जनता भोकभोकै मरिरहेका छन् । तराई-मधेस आन्दोलनको नाममा भएको नाकाबन्दीले मुलुक नै तहसनहस भएको छ । यस्तो अवस्थामा मुलुकको नेतृत्व वर्गले तत्काल मुलुकलाई निकास दिन सक्नुपर्ने थियो, तर संकटमा परेको मुलुकको स्थितिलाई गम्भीरतापूर्वक नेतृत्व वर्गले लिएको देखिँदैन । तर, यिनै

**प्रज्ञाप्रतिष्ठानलाई प्राज्ञहरूको चिन्तनको थलो नबनाई शासकहरूको भजन गर्ने भाटहरूको थलो बनाउने कार्यतर्फ अहिलेका प्रज्ञाप्रतिष्ठानका नेतृत्ववर्ग अग्रसर हुनुले भाटहरूको अखडा बनाउन त खोजिएको होइन भन्ने प्रश्न उठेको छ।**

सत्तामा रहेका र नरहेका ठुला शासकहरू अहिलेको यो जटिल परिस्थितिमा पनि गलाभरि माला पहिरिएर निस्किन्छन् र उनीहरूलाई माला पहिऱ्याइदिने, खादा लगादिनेको भीड नै लाग्ने गर्दछ । यी शासक वर्ग पनि आफ्नो तारिफमा दंग परेर ग्लानीबोध नगरी छाती फुलाएर गलाभरि माला पहिरिएर हिँड्ने गरेका छन् । यी माला लगाउनेले नेताहरूको चाकरी गरेर माला लगाइदिएर वरिपरि बसी तारिफ गरेर लाभ प्राप्त गर्ने काम गरिरहेका छन् । राणाकालसम्म त चाकरीको अनुपात हेरेर पजनी गर्ने गरिन्थ्यो । अहिलेको शासकहरू, नेताहरूले पनि यही परम्परालाई बोकेर वरिपरि मानिसहरू लगाएर गलाभरि माला लगाएर चाकरीलाई प्रश्रय दिइरहेका छन् ।

पृथ्वीनारायण शाहले राष्ट्रिय एकताको निर्माण गरेका थिएनन्, उनले त राज्य र सम्राज्यको बिस्तार गरेका थिए । स्वयं पृथ्वीनारायण शाहको भनाइले समेत उनले नेपाल राष्ट्र निर्माण गरेका होइनन् भन्ने प्रमाणित हुन्छ । उनले असली हिन्दुस्तान भनेको नेपाल हो भनेका छन् । यसको अर्थ उनले नेपाललाई हिन्दुहरूको स्थान बनाएका हुन्, तर गैरहिन्दुहरूको स्थान बनाएका होइनन् । यसैले पृथ्वीनारायण शाहले निर्माण गरेको नेपाल हिन्दुहरूको बासस्थान हो, नेपालको राष्ट्र होइन, गैरहिन्दुहरूको त झन् हुँदै होइन भन्ने कुरा पनि प्रमाणित हुन्छ ।

पृथ्वीनारायणले राष्ट्र निर्माण नगरेर साम्राज्य बिस्तार गरेका थिए । यो साम्राज्य बिस्तारको उद्देश्य उनमा रहेको महत्त्वकांक्षा तथा सम्पत्ति हडप्ने अतृप्त महत्त्वाकांक्षा मात्र थियो । उनमा सम्पत्तिमाथि कति लालच थियो भन्ने कुरा त उनले विवाह गरेकी मकवानपुरका राजा हेमकर्ण सेनकी छोरी इन्द्रकुमारीलाई दाइजोमा गजमोती हार तथा एकदन्ते हात्ती नदिएको भनी श्रीमती नै परित्याग गरेर दिग्बन्धन सेनलाई नौ वर्षसम्म चिसापानी जेलमा राखेर उनको राज्यसमेत हडपेका थिए । यस्तै उनले चन्द्रागिरिबाट उपत्यकामा भएका वैभवलाई देखेर उपत्यकाको सम्पत्ति प्राप्त गर्ने अर्को उद्देश्य भएको कुरा स्वयं दिव्य उपदेशमा प्रकट भएको छ । तेस्रो उद्देश्य भनेको तिब्बतसँग एकलौटी मुद्रा व्यापार र अन्य व्यापार गर्नका लागि बजारमार्ग नियन्त्रणमा लिई एकाधिकार व्यापारको अधिकार लिई सम्पत्ति आर्जन गर्नु नै थियो । उनका आँखा धनी प्रजामाथिसमेत परेको थियो । त्यसैले उनले 'प्रजा मोटा भया दरबार बलियो हुन्छ' भनेकाले उनको लक्ष्य मोटा प्रजाबाट सम्पत्ति शोषण गरी दरबारको ढुकुटी भर्नु मात्र थियो भन्ने प्रमाणित हुन्छ । त्यसैले उनले नेपालको एकीकरण राष्ट्रिय एकीकरणका लागि नभएर सम्पत्तिको लुट गर्नका लागि मात्र गरेका थियो भन्ने कुरा यी कुराहरूले देखाउँछन् ।

पृथ्वीनारायणले आफ्नो उद्देश्यका लागि कतिसम्म षड्यन्त्रकारी कार्य गर्दथे भन्ने कुरा उनले बनारसमा गएपछि आफ्नो गोत्रसमेत छोडेका थिए । उनले भारद्वाज गोत्र छोडेर कश्यप गोत्र लिएका थिए । यस्तै बनारसमै ससुरा राजाको सहयोगले जाजरकोटका राजा हरि शाहसँग भेट गरी एकअर्कालाई सहयोग गर्ने, स्वतन्त्रतालाई स्वीकार गर्ने मन्जुरीनामा गरेका थिए । यदि पृथ्वीनारायण नेपाल राष्ट्र निर्माण गर्न चाहन्थे भने एकीकरणको सन्धि गरी एकीकरणको अभियानमा लाग्न सक्दथे । पृथ्वीनारायण शाहले राज्य बिस्तार गर्दा धर्मलाई समेत साधनका रूपमा प्रयोग गरेका थिए । यसका लागि उनले गुरु गोरनाथले छादेको खिर पैतालामा परेको भनी पृथ्वीनारायणले जहाँजहाँ टेक्छ, त्यहाँत्यहाँ उनको राज्य हुने छ भनी हल्ला गराएर धर्मको आडमा राज्य बिस्तार गरेका थिए ।

यस्तै उनले गोरखाबाट २ हजार सेना उपत्यकाभित्रका नेवार मन्त्रीहरूमा आफ्नै मल्ल राजाहरूका विरुद्धमा षड्यन्त्र गर्नका लागि ल्याएका थिए । यस्तै उनले पूर्वतिर किराँत राज्यमा पाँच वर्षमा लगातार सैनिक आक्रमण गरी सामानहरू रोकेर विजय प्राप्त गरेका थिए । धुलिखेलको युद्धमा किराँतसँग पराजय भएपछि छोबकोटमा गोरखाली सेनाले नाकाबन्दी गरेको थियो । यो युद्धमा अँध्यारोमा पछाडिबाट किराँती राजालाई हत्या गरेका थिए भने युद्धपछि किराँतहरूको प्रभाव भएको क्षेत्रमा आगो लगाई ध्वस्त पारी गाउँ नै जलाएर सखाप पारिदिएका थिए ।

यस्तै खार्पामा हरिनन्द पौडेललाई प्रयोग गरी किराँतहरूमाथि विजय पाउन सकेका थिए भने । लिम्बुवानमा १७ पटकसम्म गोरखा सेनाले पराजय भोग्नुपरेपछि षड्यन्त्रपूर्वक नुनपानी समारोह गरी लिम्बुहरूलाई विश्वासमा लिन काम गरेर विजय प्राप्त गरेका थिए । यो समारोहमा नुनपानीमा हात राखेर लिम्बुवान किपटहरू नहडप्ने र दाजुभाइको सम्बन्ध राख्ने भनी सामूहिक सुरक्षाको सम्झौता गरेका थिए, तर पछि धोका दिएर २२ साउन १८३१ सालमा लिम्बुवानसँग सम्झौता गरी आफ्नो अधीनमा पार्ने काम गरेका थिए । अहिले पनि लिम्बूहरू यो सम्झौताले आफ्नो स्वायत्तता समाप्त गरेको भनी सो सन्धिको खारेजीका लागि २२ साउनलाई कालो दिनका रूपमा मनाउँदै आएका छन् । यस्तै मोरङ राज्यमाथि विजय प्राप्त गर्नका लागि उनले भारत पूर्णियाका अंग्रेज प्रतिनिधि मिस्टर पिकसँग गोप्य सम्झौता गरेका थिए, तर उनका चाकरीदारले पृथ्वीनारायण अंग्रेजविरोधी भएको र काठमाडौंका पादरीहरूलाई निष्कासन गरेको तथा सिन्धुलीगढीमा नक्समिसनलाई हराएको भनी पिकसँगको गोप्य सम्झौता गरी कर्ण सेनको हत्या गरी मोरङ हात पारेका थिए । मिस्टर पिक इस्ट इन्डिया कम्पनीका गभर्नर जनरल वारेन होस्टिङका प्रतिनिधि हुन् । यसरी हेर्दा पृथ्वीनारायणको विजय राज्य बिस्तार थियो, सम्पत्तिको चाहना थियो, विदेशीको सहयोग यी राज्यको सत्ता प्राप्त गरेकोले शाहको यो कार्य राष्ट्र निर्माण वा एकीकरण नभएर साम्राज्य प्राप्त गर्ने काम मात्र थियो भन्ने कुरा प्रमाणित हुन्छ । उनले यो अभियानमा सबै खाले साधन प्रयोग गरेका थिए । जनतालाई नाकाबन्दी गरी बन्धक बनाएर दुःख कष्ट दिएर सत्ता छाड्न बाध्य गराएका थिए । यसैको सिको अहिले पनि गरिँदै छ ।

दोस्रो कुरा, पृथ्वीनारायणले राज्य जितेपछि पनि आफ्नो निर्णयमा नभएर विदेशीकै चाहनामा नेपालमा शासन गरेका थिए । उनलाई नेपालमा हिन्दुस्तान बनाउन ससुराले बनारसी ब्राह्मण पठाएर नेपालको लागि नियमहरू बनाएर लागु गराएका थिए । यही सिको उनका वंशज त्रिभुवनले अपनाएर आफ्ना निजी सचिव तथा अन्य अधिकारीहरू पनि दिल्लीबाटै आएका थिए । के यही कार्यलाई हामीले योगदान मान्ने हो त ? जहाँसम्म पृथ्वीनारायण शाहलाई विद्वान् र दूरदर्शी भनी दिव्य उपदेशबाट प्रमाणित गर्ने निरर्थक प्रयास भएको छ । यी दिव्य उपदेश नक्कली हुन् भन्ने कुरा यसमा प्रयोग भएका भाषाले प्रमाणित गर्दछ । यसमा के लेखिएको छ, 'झिकी कटक गर्नू, जाई कटक नगर्नू ।' पृथ्वीनारायण शाहले गोरखामा बसेर प्रतिरक्षात्मक युद्ध गरेका होइनन् । आक्रामक युद्ध गरेकाले उनीबाट 'झिकी कटक गर्नू' भनेको नक्कली कुरा हो । दोस्रो कुरा, 'नेपाल दुई ढुंगाबिचको तरुल हो' भन्ने कुरा पनि नक्कली हो । त्यसबेला चीन साम्राज्य भए पनि भारतमा अंग्रेजहरू कलकत्तामा सीमित थिए । अंग्रेजहरूको साम्राज्य भारतमा निर्माण भइसकेको थिएन । पृथ्वीनारायण मरेको धेरैपछि मात्र बेलायतले भारतमा साम्राज्य खडा गरेको हो । यसका साथै नेपाल तरुल भएको भए दुईओटा ढुंगा काट्नका लागि युद्ध चलाउने सम्भावना थिएन । उनी मरेको तीन दशकसम्म नेपालले राज्य बिस्तार गर्दै रहेकोले यो ढुंगाको तरुल भन्ने अवधारणा नै नक्कली भएको देखापर्दछ । यो दिव्य उपदेश भीमसेन थापाले अंग्रेजसँगको युद्धको समयमा केयरसिंह बस्नेतबाट लेखाएको कुरा हुन् भन्ने कुरा धेरैको सहमति हुन सक्छ ।

अहिले के तर्क दिइन्छ भने पृथ्वीनारायण शाह नभएको भए नेपालको अस्तित्व नै हुने थिएन । त्यसैले नेपालको अस्तित्व नै उनीबाट नै भएको भन्ने रहेको छ । तर, मुख्य कुरा के हो भने पृथ्वीनारायण शाहले नेपाल एकीकरण नगरेको भए पनि यो मुलुक र यहाँ निवासी कहीं जाने थिएनन्, कुनै न कुनै राज्यमा त रहन्थे नै । पृथ्वीनारायणले नभए ऐतिहासिक आवश्यकता हुँदा अर्को नरनायकले पनि यो काम गर्न सक्थ्यो । निश्चय नै अहिलेको स्वरूप भने फरक हुन सक्दथ्यो । अहिले पृथ्वीनारायण शाहले नेपाल बनाएकोमा गर्व गर्नेहरू अधिकांश डीभी, पीआर लिएर विदेशमा बसेकाहरूबाट बढी सुनिने गरिन्छ । गफ गर्दा नेपाली राष्ट्रियताको कुरा गरे पनि अधिकांशले 'यो कस्तो मुलुकमा जन्मिइएछ' भनी आफूलाई धिक्कार्नेहरू नै रहेका छन् भने यस्तो अवस्थामा पृथ्वीनारायणको योगदानको उच्च मूल्यांकन गर्नु स्वयं पनि कसैको कृपा र आशीर्वाद प्राप्त गर्न र शासकहरूको भाटगिरी गरी सुविधा प्राप्त गर्न वा उनीहरूको नाममा लुट्नका लागि भएको कार्य नै हो भन्ने कुरा इतिहासले प्रमाणित गरेको छ ।

मुख्य कुरा के भने अहिले मुलुक पुनर्निर्माणको अवस्थामा छ । पृथ्वीनारायण शाह र उनीहरूको वंशले खडा गरेको केन्द्रीकृत सामन्ती राजतन्त्रात्मक व्यवस्थाले आफ्नो अस्तित्व र पहिचान समाप्त गरी उपनिवेश लादेको भनी त्यसबाट मुक्त हुनका लागि हजारौंले ज्यान दिएर आन्दोलन गरिरहेका छन् । अहिले चलेको मधेस आन्दोलन यही पहिचान र आफूलाई यिनै शासकहरूको आन्तरिक उपनिवेशबाट मुक्त हुनका लागि नै हो । लिम्बुवानमा पहिचानका लागि आन्दोलन चलेको छ । आदिवासीहरू पहिचानको आन्दोलनमा छन् । यही शाहवंशले स्थापित गरेको केन्द्रीकृत शासनले आफ्नो भाषा, धर्म र संस्कृति पहिचान समाप्त गरेको विरुद्धमा आन्दोलन चली मुलुक तरल अवस्थामा सरकारका मन्त्रीहरू तथा जनताले तिरेको रकमबाट तलब खाएर सत्तासीन भएर प्राज्ञ भएका संस्थाबाटै जनताको भावनाविरुद्धको प्रतिगमनलाई फिर्ता गर्नका लागि राष्ट्रियता एकताको नाममा गरिएको कार्यले अर्को प्रतिगमन र नयाँ द्वन्द्वको सिर्जना गर्न सक्ने हुँदा यस्ताखालका बेमौसमी रागहरू तत्काल रोकी मुलुकको सर्वांगीण रूपमा पुनःसंरचना गरी राष्ट्रियताको पुनःव्याख्या र पुनःपरिभाषा गरिनु आजको आवश्यकता हो ।

# राष्ट्र निर्माताको कदर गरियोस्



■ प्रभुनारायण बस्नेत

पछिल्ला दिनहरूमा नेपालको राजनीति दिशाहीन र संस्कारहीन बन्दै गएको कुरा पृथ्वीनारायण शाहप्रति शासकवर्गले दर्साएको अमर्यादित व्यवहारले प्रष्ट पार्दछ । आधुनिक नेपालका निर्माता पृथ्वीनारायण शाहप्रति अत्यन्तै तल्लो स्तरमा झरेर गाली गर्ने, ठाउँठाउँमा उनको शालिक भत्काउने उच्छृंखल गतिविधि पार्टीहरूकै कार्यकर्ताबाट भए ।

२०६२/०६३ को आन्दोलनपछि गठित सरकारले पृथ्वीजयन्तीको दिन दिइँदै आएको सार्वजनिक बिदा कटौती गऱ्यो । पृथ्वीनारायण शाहलाई आधुनिक नेपालको निर्माताका रूपमा होइन, राजतन्त्रको जन्मदाताको रूपमा हेरियो । फलतः माओवादी, एमाले, कांग्रेस, मधेसी र जनजाति नेता-कार्यकर्ताहरू २ सय ५० बर्से राजतन्त्रले आफूलाई पराधीन बनाएको र राजतन्त्रको समाप्तिपछि मुक्ति मिलेको भन्दै डंका पिट्दै हिँडेका छन् ।

यथार्थमा पृथ्वीनरायण शाह राजा नै थिए, तर उनको ध्येय एउटा निकम्मा र विलासी राजा बनेर शासन चलाउनु थिएन । उनले सानो पहाडी राज्य गोर्खाको सिमाना नाघेर विशाल नेपाल निर्माणको अभियान थालनी गरे र त्यही अभियानकै क्रममा जीवनलीला त्यागे । त्यसैले हामी नेपालीले पृथ्वीनारायण शाहको मूल्यांकन गर्दा गोर्खाली महत्त्वाकांक्षी राजाको रूपमा होइन, आधुनिक नेपालको निर्माताको रूपमा गर्नुपर्छ ।

उनले गोर्खा राज्यको साँध सिमाना बिस्तार गरेर अतुल वैभव जुटाई विलासी जीवन व्यतीत गर्ने मनसुवा कहिल्यै राखेनन् । बरु एकीकरण अभियानमा एउटा सच्चा सिपाही भएर मोर्चामा लडे । आफ्नो युगका सर्वश्रेष्ठ योद्धा रहेका उनलाई आज किन घृणा, अपमान र तिरस्कारको दृष्टिले हेरिन्छ ? यो प्रश्नको उत्तरले हामी नेपालीको संस्कृति कति समृद्ध छ, हामी हाम्रा पुर्खाप्रति कति गौरव गर्छौं र कति कृतज्ञता जाहेर गर्न जान्छौं भन्ने प्रष्ट हुन्छ ।

हामीले पृथ्वीनाराण शाहलाई एउटा सामान्य राजाको रूपमा हेर्नुहुँदैन । उनले एकीकरण अभियान थालनी गरेको अवस्था, साधन, स्रोत, जनशक्ति, उनको हिम्मत, त्याग र बलिदानको सरसर्ती अध्ययन गर्ने हो भने पनि उनी संसारकै उत्कृष्ट योद्धा, त्यागी पुरुष र दूरदर्शी शासक देखिन्छन् ।

संसारलाई नै निल्न आँ गरेर मुख बाइरहेको अंग्रेज साम्राज्यलाई चुनौती दिँदै अनेक स्वार्थबाट

**हामी महाराणा प्रताप, नेपोलियन बोनापार्ट, अलेक्जेन्डर महान्को गाथा गाएर थाक्दैनौं, तर तीभन्दा श्रेष्ठ योद्धा पृथ्वीनारायण शाहलाई दुत्कार्छौं। यो हाम्रो दुर्भाग्य हो।**

ग्रसित बाइसे, चौबिसे राज्यलाई एकीकरण गरी एउटा सिंगो नेपाल बनाउनु चानचुने कुरा होइन । उनले त्यो महानतम् कार्य सम्पन्न गरे, तर त्यस्तो घमण्ड, अहंकार कतै देखाएनन् ।

हुन त इतिहासका निर्माता जनता हुन् भनिन्छ । 'जनता नै जनार्दन हुन्' भन्ने त लोकप्रिय कथन नै छ । तर संसारकै राष्ट्रहरूको गठन, पुनर्गठन र विघटनका घटनाहरूले के सिद्ध गर्छन् भने कुनै पनि त्यस्तो कार्य आफसे आफ हुन सम्भव छैन । त्यसको योजनाकार, संगठक र नेतृत्वकर्ता एउटा अपरिहार्य सर्त हो । जस्तो : कुनै एउटा घर निर्माण गर्नका लागि सबैभन्दा पहिले घर बनाउने परिकल्पनाकारको आवश्यकता पर्छ । उसले घर बनाउने सोच बनाएपछि आर्किटेक्चर डिजाइनरसँग सल्लाह गर्छ । नक्सा बनाउँछ, घर बनाउने स्थान चयन गर्छ, ढुंगा, माटो, इँटा बालुवा, सिमेन्ट, डन्डी, झ्याल, ढोका निर्माण गराउँछ । आवश्यक पर्ने खर्चबर्चको व्यवस्था गर्छ । सारा कुरा जुटाउने, कामदारको व्यवस्था गर्ने त्यही व्यक्तिले गर्छ । घर बनाउन विभिन्न व्यक्तिको श्रम र क्षमता उपयोग हुन्छ । घर बनिसकेपछि त्यो घर त्यही बनाउन लगाउने व्यक्तिको मानिन्छ । इतिहास भनेको पनि त्यस्तै हो । जसले जुन कुराको संगठन र नेतृत्व लिन्छ, इतिहासले त्यसैलाई चिन्छ ।

नेपाल एकीकरणमा राजकुमार बहादुर शाह र रानी राजेन्द्रलक्ष्मी, काजी कालु पाँडे, वीर बलभद्र कुँवर, भक्ति थापा, अमरसिंह थापा, विराज बखेती, अभिमानसिंह बस्नेत, झगल गुरुङ, बिसे नगर्चीसमेत हजारौं सपुतको रगत, पसिना र परिश्रम खर्च भएको छ । तर ती सबैलाई यो अभियानमा जुटाउने प्रेरणा पुरुष पृथ्वीनारायण नै हुन् । त्यसको श्रेय पाउने पहिला हकदार उनै हुन् ।

हामी राणा शासन, कोत पर्व, भण्डारखाल पर्व, अलौ पर्वजस्ता अनेक पर्व हेरेका, भाइभारदारदेखि दरबारभित्रै अनेक खालको स्वार्थको उल्झनमा फसेका र झगडै झगडाले ग्रसित उपत्यकाका मल्ल राजाको इतिवृतान्त थाहा पाएका, कांग्रेस, झापाली र माओवादीका हिंसात्मक संघर्षको इतिहास बुझेकाहरूले बिना हिच्किचाहट पृथ्वीनारायण शाहको एकीकरण अभियान तुलनात्मक रूपले सालीन, न्यायपूर्ण र संस्कारयुक्त थियो भन्ने निष्कर्षमा पुग्नुपर्ने हुन्छ ।

कीर्तिपुरका ज्यापुहरूको 'सत्र धार्नी नाक-कान काटेको' काल्पनिक कहानी बनाएर उनलाई क्रूर सिद्ध गर्ने कोसिस अब सफल हुँदैन । कान्तिपुर र भक्तपुरको लडाइँमा उनले देखाएको सुझबुझ हेरे उनको नियत र चरित्र छर्लंगिन्छ । इन्द्रजात्राको दिन काठमाडौं विजय गरेका उनले त्यसपछिको परम्परालाई निरन्तरता दिए । उनले भक्तपुरमा जम्मा भएर गोर्खाली फौजसँग लड्ने तिनैजना उपत्यकाका राजालाई पराजित गरेपछि पनि तिनको इच्छा मुताविक गरिदिए । कसैको परम्परा, भाषा, संस्कार र संस्कृतिमाथिको अतिक्रमण गरेनन् । उनको नेतृत्व स्वीकार गर्ने कति क्षेत्रका रजौटा यथावत् रहे । उनले प्रष्ट भाषामा भने, 'यो नेपाल राज्य मेरा साना दुःखले आर्ज्याको होइन, चार जात छत्तिस वर्णको साझा फूलबारी हो ।'

जीवनको उत्तरार्द्धमा उनले दिएको दिव्य उपदेशमा गृहनीति, परराष्ट्र, उद्योग व्यवसाय, अर्थनीतिसम्बन्धी अमूल्य ज्ञान छ । सबै हिसाबले पृथ्वीनारायण शाह सर्वश्रेष्ठ योद्धा र दूरदर्शी व्यक्ति थिए । हामी महाराणा प्रताप, नेपोलियन बोनापार्ट, अलेक्जेन्डर महान्को गाथा गाएर थाक्दैनौं, तर ती भन्दा श्रेष्ठ योद्धा पृथ्वीनारायण शाहलाई दुत्कार्छौं । यो हाम्रो दुर्भाग्य हो ।

अब हामीले फेरि पृथ्वीनारायण शाहलाई समयानुकूल मूल्यांकन गरेर अनुशरण गर्नुपर्ने बेला आएको छ । भारतीय नाकाबन्दीले देखाएको छ, हाम्रो अर्थतन्त्र कति परनिर्भर छ र हामी कति पराश्रित छौं । आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्र निर्माण र सन्तुलित परराष्ट्र नीतिको अभावमा अब हामीले हाम्रो अस्तित्व बचाउन सक्दैनौं । राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डताजस्ता कुरा नारामा होइन, व्यवहारमा हेरिन्छ, जाँचिन्छ । अब त्यसको बेला आएको छ । नेपाल एकीकरणका प्रणेता पृथ्वीनारायण शाहको जन्म दिनलाई राष्ट्रिय दिवस मानेर सार्वजनिक बिदा दिँदा 'संबिधान बनाउन समस्या हुने' धारणा भएका मन्त्रीले शासन गरुन्जेल नेपाल सही अर्थमा स्वतन्त्र हुन सक्दैन । अघिल्लो वर्ष कांग्रेस-एमाले संयुक्त सरकारले केही वर्षअघि बन्द गराएको पृथ्वीजयन्तीलाई राष्ट्रिय दिवस मान्ने र सार्वजनिक बिदा दिने निर्णय एक जना मन्त्रीले क्रिस्चियनको पैसा खाएर उल्टाए । पृथ्वीजयन्ती कार्यक्रममा भोज खाने र उनको अनादर गर्ने त्यस्ता मन्त्रीलाई देशभक्त नेपालीले बहिष्कार गर्न सक्नुपर्छ ।

अब आधा भाग चीनको र आधा भाग नेपालको रहेको सगरमाथाको फोटो छापेर नोट चलाउनुपर्ने बाध्यताबाट हामीले मुक्ति पाउनुपर्छ । पृथ्वीनारायण शाह यो मुलुकका निर्माता हुन् भने उनको तस्बिर नेपाली नोटमा छाप्न के आपत्ति भयो ? माओत्सेतुङको नीति छाडिसकेको चीनले चिनियाँ नोटमा उनको फोटो राखिराखेको छ, गान्धीको फोटो भारतीय नोटमा अंकित छ, अमेरिकाका पहिला राष्ट्रपति जर्ज वासिंटनको तस्वीर डलरमा छापिइरहेको छ । हामीचाहिँ 'गणतन्त्रवादी' बन्नासाथ नेपाल निर्मातालाई बिर्सने ? उनको योगदान भुल्ने, ती महान् विभूतिको अनादर गर्ने ? त्यस्तो गर्नु कृतघ्नताको हद हुन्छ ।

त्यसैले गणतन्त्रवादी संविधानअनुसार बनेको पहिलो सरकारले पृथ्वीजयन्तीलाई राष्ट्रिय दिवस घोषणा गरोस्, त्यो दिन औपचारिक रूपले सार्वजनिक बिदा दिने निर्णय गरोस् र नेपाली नोटमा पृथ्वीनारायण शाहको तस्बिर अंकित गरोस् भनेर सबै नेपालीले आग्रह गरौं । पृथ्वीनारायण शाहका दिव्य सन्देशको अध्ययन र तदनुरूप नीति तर्जुमामा सरकारको ध्यान जाओस्, यसैबाट राष्ट्रनिर्माताको सच्चा कदर र स्मरण हुन सक्छ ।

## दक्षिण एसिया

# हाइड्रोजन बम परीक्षण विश्व शान्तिमा खतरा

उत्तर कोरियाबाट उठेको कम्पन टाढासम्म पुग्यो । पहिला भूकम्पको धक्का आयो । तर, थोरै समयपछि थाहा भयो कि धर्ती हाइड्रोजन बमको परीक्षणका कारण काँपेको हो । फेरि उत्तर कोरियाले स्वयं यसको पुष्टि गऱ्यो । त्यहाँको सरकारी टेलिभिजनले भन्यो, 'गणराज्यको पहिलो हाइड्रोजन बमको परीक्ष बुधबार बिहान १० बजे (स्थानीय समयअनुसार) गरियो । यस ऐतिहासिक सफलताका साथ हामी उन्नत परमाणु क्षमतावाला देशको श्रेणीमा पुगेको छ ।' त्यहाँका सर्वोच्च नेता किम जोङ उनले यसमा गर्व गरेका छन् । किमले पछिल्ला महिना संकेत दिएका थिए कि उनको देशले हाइड्रोजन बम बनाएको छ । तब उनको दाबीलाई अन्तर्राष्ट्रिय विशेषज्ञले सन्देहको दृष्टिले हेरेका थिए ।

तर अब अन्तर्राष्ट्रिय समुदाय हतप्रभ छन् । अमेरिकाले यस कदमलाई संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्तावको उल्लंघन बताएको छ, उता भारतले भनेको छ कि यो अत्यन्त चिन्ताको कुरा हो । बेलायत र जापानको पनि यस्तै प्रतिक्रिया आएको छ । दक्षिण कोरियाको मन्त्रिमण्डलले आफ्नो आपत्कालीन बैठकमा नयाँ अवस्थाबारे समीक्षा गरेको छ । उता न्युयोर्कमा घोषणा भएको छ कि सुरक्षा परिषद्को आपतकालीन बैठक बोलाइने छ । तर सुरक्षा परिषद्ले के कारबाही गर्ला ? उसले २००६ मा उत्तर कोरियाको पहिलो परमाणु परीक्षणको समयदेखि नै त्यसको विरुद्ध प्रतिबन्ध लगाइरहेको छ । यसको यस उच्छृंखल देशमाथि कुनै असर छैन । जहाँ पूर्ण निरंकुश तानाशाहको शासन छ र विरोधलाई निर्मम दमन गरिन्छ, त्यहाँ अन्तर्राष्ट्रिय प्रतिबन्धबाट धेरै फरक पर्दैन ।

फेरि उत्तर कोरियाको पीठमा चीनको हात रहेको छ । यसले कुनै अन्तर्राष्ट्रिय गठबन्धनको सैनिक कारबाहीको सम्भावना सकिन्छ । यद्यपि, यस परीक्षणलाई चीनले अवाञ्छित र अदूरदर्शी भनेको छ, तर के अब ऊ त्यसमाथि कारबाहीका लागि अन्तर्राष्ट्रिय समुदायलाई साथ दिन्छ ? यो उसले बताएको छैन । जबकि उत्तर कोरियाले अतीतमा निर्भय भएर अन्तर्राष्ट्रिय मर्यादाको उल्लंघन गरेको छ । यहाँसम्म कि परमाणुको तस्करीमा पनि त्यहाँका शासक सहभागी छन् ।

पाकिस्तानका अब्दुल कादिर खान परमाणु तस्करी काण्डका सम्बन्ध उत्तर कोरियासँग पनि जोडिएको थियो । यस्तो देशको हातमा हाइड्रोजन बम परेको छ, तब ऊबाट संसारले चिन्ता गर्नु स्वाभाविक हो । आम परमाणु बमको तुलनामा हाइड्रोजन बम केही गुणा शक्तिशाली हुन्छ । यो एउटै विस्फोटमा कुनै ठुलो सहरलाई ध्वस्त पार्न काफी हुन्छ । फेरि हाइड्रोजन बम सानो आकारमा बनाउन सरल हुन्छ, ताकि त्यसलाई मिसाइलमा आरामले फिट गर्न सकिन्छ । उत्तर कोरियाको आफ्नै छिमेकी देश (खासगरी कोरिया र जापान) सँग तनावपूण सम्बन्ध छ । यस्तोमा भर्खरै भएको घटनाबाट ती देश खास चिन्तित हुनु स्वाभाविक हो । त्यस्तै यो सारा विश्वकै टाउको दुखाइको विषय पनि हो । एउटा निरंकुश देशका हातमा खतरनाक हतियार हुनु खासमा विश्व शान्तिका लागि खतरा हो ।

*(भारतबाट प्रकाशन हुने 'नई दुनियाँ'को सम्पादकीय)*

**लेख तथा प्रतिक्रियाका लागि**
इमेल : merobichar@gmail.com
फ्याक्स : ०९७७-१-५०११५९४ पो.ब.नं.: २०५०३ काठमाडौं



*रसियाका राष्ट्रपति भ्लादिमिर पुटिन रसियाको राष्ट्रिय जुडो टोलीको तालिमका अवसरमा इटालियन कोच ईजीओ गाम्बासँग शनिबार सोची सहरमा प्रतिस्पर्धा गर्दै ।* **तस्बिर : एपी**

# मेक्सिकोका कुख्यात लागूऔषध तस्कर पुनः समातिए

**एजेन्सी**
मेक्सिको सिटी, २५ पुस

मेक्सिकोका कुख्यात लागूऔषध तस्करलाई प्रहरीले पुनःपक्राउ गरेको छ । प्रहरीले लागूऔषध तस्कर जोयक्युइन गुजम्यान अर्थात् इल चाम्पोलाई सिनालोअ राज्यको लोस मोचिस सहरस्थित उनकै घरबाट शुक्रबार पक्राउ गरिएको अधिकारीले जानकारी दिएका छन् । सो राज्यमा लागूऔषध कारोबारीको दबदबा रहेको छ ।

पक्राउपछि उनलाई मेक्सिकोको केन्द्रमा रहेको सबैभन्दा सुरक्षित अल्टिप्लानो बन्दीगृहमा लगिएको छ। उनलाई हेलिकोप्टरबाट बन्दीगृहमा लगिएको थियो । सो बन्दीगृहबाट उनी ६ महिनाअघि सुरुङ खनेर भागेका थिए ।

शुक्रबार बिहान सुरक्षाकर्मीले छापा मार्दा उनी भाग्न सफल भए पनि केही घन्टापछि उनलाई पक्रन सुरक्षाकर्मी सफल भएको अधिकारीले जानकारी दिएका छन् ।



उनलाई पक्रने क्रममा दुई पक्षबिच गोली हानाहान भएको र सो क्रममा एक सुरक्षाकर्मी सहित ६ जनाको मृत्यु भएको थियो ।

मेक्सिकोका महान्यायधिवक्ता अर्ले गोमेजले उनले आफ्नो बारेमा चलचित्र बनाउनका लागी कलाकार तथा निर्मातासँग सम्पर्क गर्दाको फोन कुराकानीका आधारमा पक्राउ गरिएको बताए । मेक्सिकोका राष्ट्रपति इनरिक्वी पेना निटोले उनको पक्राउमा कानुनी शासनको विजय भएको दाबी गरे। गुजम्यानको पक्राउले निटो प्रशासनलाई ठुलो सफलता हात लागेको बताइएको छ ।

मेक्सिकोमा मुख्य खोजीका अपराधी गुजम्यान फरार भएपछि राजनीतिक रूपमा राष्ट्रपतिको ठुलो आलोचना भएको थियो । धेरै सर्वसाधारणले समेत प्रशासनको भित्री सहयोग नभएसम्म उनी भाग्न नसक्ने दाबी गर्दै आएका थिए ।

उनी विश्वकै धेरै खोजीका लागूऔषध तस्करका रूपमा परिचित रहेका थिए । उनको करिब १ अर्ब डलर बराबरको सम्पत्ति रहेको अनुमान गरिएको छ । उनी तेस्रो पटक फरार भएपछि अमेरिकी सरकारले उनलाई पक्राउ गर्नका लागि सूचना दिनेलाई ५० लाख अमेरिकी डलर इनामको घोषणा गरेको थियो। उनलाई पक्राउ गरेपछि अमेरिकाले मेक्सिको सरकारलाई बधाई दिएको थियो । उनी पहिलो पटक सन् १९९३ मा ग्वाटेमालाबाट पक्राउ परेका भने सन् २००१ मा पुइन्टे ग्रान्डी जेलबाट भागेका थिए। उनी सन् २०१४ मा पुनः पक्राउ परेका थिए ।

# मोदीद्वारा पठानकोट सैनिक शिविर भ्रमण

**एजेन्सी**
नयाँ दिल्ली, २५ पुस

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले शनिबार उत्तरी भारतीय राज्य पन्जाबको पठानकोटमा अवस्थित पठानकोट हवाई सैन्य शिविरको भ्रमण गरेका छन्। गत साता त्यहाँ भएको आतंककारी हमलाबाट दिवंगत सैनिकलाई श्रद्धाञ्जली अर्पण गर्नुका साथै सुरक्षा अवस्थाको बारेमा स्थलगत जानकारीका लागि प्रधानमन्त्री मोदी पठानकोट शिविर पुगेका हुन् ।

सुरक्षा अधिकारीका अनुसार मोदीलाई आतंककारीका विरुद्ध सञ्चालित कारबाहीका बारेमा जानकारी लिनुका साथै आक्रमणस्थलको पनि अवलोकन गरेका थिए । सो अवसरमा मोदीले सैन्य शिविरका वरिष्ठ अधिकारीका साथै प्रहरी अधिकारीसँग छलफल गरेका थिए । सो सैन्य शिविरमा गत जनवरी-२ मा पृथकतावादी सशस्त्र विद्रोहीले आक्रमण गर्दा सातजना सैनिक र ६ जना आक्रमणकारीको मृत्यु भएको थियो ।

प्रधानमन्त्रीको भ्रमणलाई मध्यनजर गरी शिविर वरपरको सम्पूर्ण क्षेत्रभरि सुरक्षा व्यवस्था कडा पारिएको थियो। विद्रोहीको निसानामा परेको



सो पठानकोट सैन्य शिविर पाकिस्तानी सीमाभन्दा करिब ३० किलोमिटर मात्र टाढा रहेको छ । पाकिस्तानलाई आधारभूमि बनाएर आतंकवादी गतिविधि सञ्चालन गर्दै आएको सशस्त्र विद्रोही समूह जयस ए मुहम्मदले सो आक्रमण गरेको दाबी गर्दै भारतले सो आक्रमणकारी समूहलाई सख्त कारबाही गर्न पाकिस्तानसँग माग गर्दै आएको छ । सो आतंकवादी समूहले यसअघि पनि भारतका अरू स्थानमा आक्रमण गर्ने गरेको प्रहरीको भनाइ छ ।

# संवैधानिक सुधार गर्ने श्रीलंकाली राष्ट्रपतिको भनाइ

**एजेन्सी**
कोलम्बो, २५ पुस

श्रीलंकाली राष्ट्रपति मैत्रीपाला सिरिसेनाले श्रीलंकालाई पुनःगृहयुद्धमा फर्किन नदिने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले आफू सत्तामा आएको वर्ष दिन पुगेको अवसरमा शनिबार सो धारणा राखेका हुन्। सो अवसरमा सिरिसेनाले आफूले कुनै पनि हालतमा देशलाई पुनःयुद्धमा फर्किन नदिने र यसका लागि आवश्यक संवैधानिक सुधारका कार्यअघि बढाउने दाबी गरे ।

उनले शनिबार श्रीलंकाको संसद्मा बोल्दै श्रीलंकालाई पुनःयुद्धमा फर्काउने कुराको कल्पना पनि हुन नसक्ने भन्दै संविधानमा संशोधन गरी सबै जाति जनजातिका मागलाई सम्बोधन गरिने बताए । श्रीलंकामा सन् १९७२ देखि २००९ सम्म गृहयुद्ध भएको थियो । सो गृहयुद्धमा परी कम्तीमा पनि १ लाख नागरिकले ज्यान गुमाएका थिए । तामिल टाइगरले सशस्त्र युद्ध सुरु गरेपछि श्रीलंकामा त्यसले गृहयुद्धको रूप लिएको थियो । जसका कारण त्यहाँ ठुलो संख्यामा नागरिक विस्थापित पनि भएका थिए। राष्ट्रपति सिरिसेनाले हालैका दिनमा श्रीलंकामा पनि विभिन्न



जातजाति तथा समुदायले आफ्नो अधिकारका लागि माग गरिरहेकाले अधिकार प्राप्त संविधान अहिलेको आवश्यकता भएको पनि बताए ।

उनले संवैधानिक सुधारका साथै सबैमा राष्ट्रिय सहमति र मेलमिलापमा ध्यान दिएको पनि दाबी गरे । उनी यसअघिका राष्ट्रपति महिन्दा राजापाक्षेलाई निर्वाचनमा पराजित गरी शक्तिमा आएका हुन् । राजापाक्षेले गृहयुद्ध मच्चाइरहेका तामिललाई पराजित गरी देशमा अमनचयन कायम गरेका थिए। तर, तामिललाई पराजित गर्ने नाममा राजापाक्षेले भने अल्पसंख्यक तमिल समुदायका नागरिकलाई राज्यका कुनै पनि निकायमा समावेश नगरेको आरोप लागेको छ ।

सिरिसेनाले भने सो विभेदलाई हटाई आफूले देशमा अल्पसंख्यकका पक्षमा पनि काम गर्ने भनी राष्ट्रपति निर्वाचनमा विजयी भएको बताइएको छ ।

## शरणार्थी शिविरमा १० को मृत्यु

**नैरोबी/एजेन्सी-** केन्यामा रहेको सोमालियाली नागरिक रहेको शरणार्थी शिविरमा फैलिएको हैजाबाट कम्तीमा पनि १० जनाको ज्यान गएको समाचार छ ।

सो शिविरलाई विश्वकै सबैभन्दा ठुलो शरणार्थी शिविरका रूपमा लिइन्छ । गएको नोभेम्बर महिनामा हैजाको प्रकोप फैलिएको थियो । सो प्रकोपका कारण अहिलेसम्ममा १० जनाको ज्यान गएको संयुक्त राष्ट्रसंघीय अधिकारीले जनाएका छन् ।

नैरोबीको उत्तरपूर्वी क्षेत्र दबाबमा सोमालियाली शरणार्थीको बसोवास छ। सो शिविरमा करिब ३ लाख ५० हजार सोमालियाली नागरिक बस्ने गरेका छन्। सो शिविरको रेखदेख गर्ने गरेका संयुक्त राष्ट्रसंघीय शरणार्थी निकाय यूएनएचसीआरका अधिकारी युसुफ अहमदले सो जानकारी दिएका छन् ।

# मोटोपनको सिकारमा भारतीय बालबालिका

**एजेन्सी**
नयाँ दिल्ली, २५ पुस

पछिल्लो समयमा मोटोपनले एउटा डरलाग्दो रोगको रूप लिएको छ। पश्चिमेली मुलुकमा महामारीका रूप लिएको यो रोग बिस्तारै एसिया र दक्षिण एसियामा पनि देखिन थालेको छ । पछिल्लो समयमा भने बालबालिका र स्कुले विद्यार्थी नै यसको चपेटामा परेका छन् ।

अध्ययन गर्ने बालबालिका नै मोटोपनका कारण अशक्त हुन थालेपछि उनीहरूका अभिभावक पुर्पुरो समाउँदै समाधनको उपाय गर्न भौतारिन थालेका छन् । तर मोटो पन घटाउन सजिलो कहाँ छ र ? यसको अर्थ यो समाधान नै नहुने भन्ने अवश्य होइन। दृढता र इच्छाशक्ति भयो भने यसबाट सजिलै पार पाउने विज्ञहरू सुझाउँछन् । विशेषगरी खानपानमा ध्यान दिनुपर्ने उनीहरूको सुझाव छ ।

छिमेकी मुलुक भारतका बालबालिका अहिले यही समस्याबाट ग्रसित



छन् । बालबालिकाको वर्गर, फ्राई गरेका मसलादार खानेकुरा, चकलेट, दुधका परिकार, चिप्स, नुडललगायतका जंक फुडप्रति मोह बढेको भन्दै विद्यालय प्रशासनवरपर यस्ता जंक फुड बिक्रीमा प्रतिबन्ध लगाइएको छ ।

महिला तथा बालबालिका विकास मन्त्रालय मातहतको एक कमिटीले यही सातादेखि स्कुल क्षेत्रको २० मिटर वरपर यस्ता जंक फुड बिक्री गर्न सडकव्यापरी माथि प्रतिबन्ध लगाएको छ ।

'बालबालिकामा बढ्दो मोटोपन र पछिल्ला दिनमा उनीहरू चिनी, हाइपरटेन्सन लगायतका समस्याको सिकार भएका घटनाप्रति कमिटीका सदस्यले गम्भीर चासो जनाएका छन्,' मन्त्रालयका तर्फबाट जारी गरिएको विज्ञप्तिमा जनाइएको छ ।

बालबालिकालाई जंक फुड खाँदा उनीहरूको शरीरमा पर्ने प्रभावबारे कक्षामा नै सचेत गर्नुपर्नेमा पनि कमिटीले जोड दिएको छ। भारतीय अर्थतन्त्रले केही फड्को मारेसँगै उपभोक्ताले पश्चिमी शैलीको स्वाद र फास्ट फुडमा रमाउन थालेका छन्। जसका कारण दक्षिण एसियाली यस मुलुकमा मोटोपनको दर दिनहुँ बढेको छ। गत वर्ष ल्यान्सेटले प्रकाशित गरेको एक अध्ययनमा पाँच भारतीयमध्ये एक जना तौल बढी हुने समस्याले पीडित छन् । ६० प्रतिशत भारतीय यस समस्याबाट पीडित हुने अध्ययनको निष्कर्ष छ ।


राष्ट्रिय विद्युत समस्याको निराकरणका लागि सरकारी कार्यालयहरूलेनै विद्युत खपतको लागि मितव्ययिता गर्ने कदमहरू चालु राखी सर्वसाधारणहरूलाई सुसूचित गराऔं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग



# वर्गीकृत विज्ञापन
आइतबार, मंगलबार, बिहीबार र शनिबार

**घर, टहराहरू भाडामा**
बालकोटमा फ्याक्ट्री, पोल्ट्री, च्याउ खेतीलाई, घर टहराहरु भाडामा । ५६३९७४४

**जग्गा बिक्रीमा**
साँखु पालुबारीमा २ आना ३ पैसा जग्गा बिक्रिमा ९८४१४४५०४३, ९८४३४४६५३६

**चाहियो**
सितापाईला स्वयम्भू कलंकी वरीपरी एरियामा बस्ने २३ वर्ष देखि ३५ वर्षसम्मको ड्राइभर चाहियो ४००१५६४, ९८६०८३३६७६

**बिक्रीमा**
एयरपोर्टमा ट्राभल्स एन्ड टुर्स बिक्रीमा ९८४९९४७२१६

पानी तताउने सोलार, पानी फिल्टर फोन नं. : ९७४१००४६७९

लुभु बसपार्क नजिकै घडेरी बिक्रीमा १२ फुटे कच्ची मोटर बाटो भएको १४ आना घडेरी बिक्रीमा सम्पर्क : ९८५११८११४१

**सवारी साधन**
नौसिटर जिप रिजर्भ टुर टिकेटिङ्ग चाहियमा ४००१५६४, ९८६०८३३६७६

**मर्मत**
कलर टेलिभिजन ग्यारेन्टीसाथ घरमै मर्मत ९८४१७९३५८६, ९८१५०२७२४०

**सम्पर्क**
घर बनाउने, ढलान काट्ने, घर भत्काइ सामान उठाउने र सडक बनाउने ठेक्का पट्टा सहित । सम्पर्क : ९८४१३१६३१२

Water Pump, रिवाईन्डीङ्ग-१२०० राईस कुकर रिपेरिङ्ग- २०० फ्रिज ग्याँस चारर्जिङ्ग -१०० ३ वर्ष ग्यारेन्टी

**तिर्थयात्रा**
गंगासागर, तिनधाम, ११-ज्योतिलिङ्ग, गयाकाशी 01-4462024, 9803017032

**आवश्यकता**
महिला कर्मचारी आवश्यकता मो.नं. ९८०३१७८५९८ कलंकी ।

यस Dragon Recruitment and Security Services Pvt. Ltd. लाई सुरक्ष गार्ड आवश्यकता भएको ले इच्छुक व्यक्तिले आबेदन दिनु होला । योग्यता : उचाई : ५.५ फिट, तौल ५६ के.जी योग्यता : S.L.C. वा सो सरह तलबः कम्पनीको नियम अनुसार सम्पर्क : ललितपुर-५, लनगखेल फोन : ५५३०८५४ मो ९८५१०५२९७३

**पसल भाडामा**
नारायणहिटी दरबारको पूर्व उत्तरमा (धोबीचौर) कैलाश चौरमा १६X१० को दुई सटर र ८X१० को दुई सटर भाडामा । सम्पर्क : ९८४१९४५०१७

**फल्याट भाडामा**
कुमारीपाटी हाईवेमा अफिसहरुलाई अति उपयुक्त तिनकोठाको फल्याट ९८५११२३७३७, ५५४२९४६

महाकविमार्ग डिल्लीबजारमा चार कोठा दुई बाथरुम र भान्सा सहित फल्याट भाडामा, मोटर जाने ठाउं सम्पर्क : ४४१३५२३, ९८४१२३१०९३

**प्रति शब्द: रु ५**

राजधानी राष्ट्रिय दैनिकको वर्गीकृत/डिस्प्ले विज्ञापन संकलनका लागि विभिन्न स्थानमा बुकिङ्ग काउण्टर खोलिएकाले सम्पर्क राखि लाभ उठाउनुहुन सहर्ष जानकारी गराउँछौं

➪**सोह्रखुट्टे,** नयाँबजार, गोरखा न्युज :-४३५५७६०, ➪**लगनखेल,** ब्रासिस बुक्स एण्ड स्टेशनरी : ९८४१८७२१८१, ५५४१३०० ➪**चावहिल,** युनाइटेड आइटी सोलुसनः ९८५१०३०६७५, ➪**नयाँ बसपार्क,** न्यू पोखरा अडियो सेन्टर :- ४३८०५८२, ➪**नयाँ बसपार्क,** पशुपती कम्युनीकेशन :- ४३६६११२, ➪**भक्तपुर,** सल्लाघारी तीनकुने, पुण्य श्री स्टेशनरी :- ६६१५५१२, ➪**कालिमाटी,** पब्लिक कन्ट्याक प्वाइन्ट :- ४६७४८०१, ➪**पुरानोबानेश्वर चोक,** बीडलिंक मिडिया प्रा.लि. :- ४४९२३०९/२०१४९३२, ➪**हात्तीसार,** लुम्बिनी कम्युनीकेशन :- ४४४५२९४, ➪**मैतिदेवी,** बाबा स्टेशनरी एण्ड सेक्रेटरीयल इन्टरप्राइजेज :- ४४४४०१९, ➪**ज्याठा,** एपिनेट कम्प्युटर :- ४२५८६०६, ➪**मिनभवन,** ग्लोवल बुक्स एण्ड स्टेशनरीः ४१०७१२८/४१०७४७७, ➪**गोंगबु चोक,** लोटस कम्युनिकेशन :- ४३६४७५१, ➪**बसुन्धरा,** एम.एस. सेडोंई बुक्स एण्ड स्टेशनरी :- ४३५६४७५, ➪**कोटेश्वर,** कविन बक्स एण्ड स्टेशनरी :- ४६००१६७, ➪**चावहिल,** अदिती विज्ञापन सेवा :- ९८४१०२६३८१, ➪**क्षेत्रपाटी डल्को,** कम्युनिकेशन प्लस :- ४२६६७५१, ➪**सुन्धारा,** सुन्धारा टेलिकम :- ४२२०१८२, ➪**कीर्तिपुर,** किपु बुक्स प्वाइन्ट :- ४३३१७७५, ➪**ठमेल,** हाइलाइट मिडिया :- ४४१७३३३, ➪**बागबजार,** विश्व नेपाली पुस्तक सदन :- ४२२४२२६, ➪**जोरपाटी,** स्मार्ट इन्भेष्टमेन्ट प्रमोशन नेपाल प्रा.लि. :- ४९१३०१०, ९७४१०१७२५३, ➪**लगनखेल,** निशा बुक्स एण्ड स्टेशनरी :- ५५३१९५७, ९८४१६२७४८९, ➪**नयाँ बानेश्वर,** पाथिभरा इन्टरप्राइजेज : ९८४१४४५६९०, ४४९८०३७, ➪**सैबु भैसेपाटी,** डंगोल बुक्स एण्ड स्टेशनरी सेन्टर :- ९८४१५०२७७, ५५९०६५८, ➪**वीरगंज त्रिमुरती चोक,** अमृत पुस्तक भण्डार : ९८४९९७०७८९, ➪**हेटौडा,** शिवालिक इन्टरप्राइजेज ९८४५२८९०९८, ➪**भरतपुर, चितवन,** शुभप्रभात मिडिया हाउस ९८५५०६३४०७

सम्पर्क नं.:- काठमाडौं, ५५४६३००, फ्याक्स: ५०११५९४/ नेपालगञ्ज, ०८१-५२५९३४/पोखरा, ०६१-५३३४३७/बुटवल, ०७१-४३७४५५

# अर्थ




*नेपाल हस्तकला महासंघको ३५औं साधारण सभाबाट निर्वाचित कार्यसमितिका पदाधिकारीहरू सामूहिक तस्बिर खिचाउँदै । आज भएको निर्वाचनमा धर्मराज शाक्यको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ ।*
**तस्वीर : द्वारिका काफ्ले/राजधानी**

# नाकाबन्दीले पोल्ट्री व्यवसायमा अर्बौं नोक्सान

**लक्ष्मी सापकोटा/राजधानी**
काठमाडौं, २५ पुस



आत्मनिर्भरतर्फ अघि बढेको पोल्ट्री व्यवसायमा भारतले गरेको अघोषित नाकाबन्दीले अर्बौं नोक्सानी खेप्नुपरेको छ ।

भूकम्पले थिल्थिलो परेको पोल्ट्री व्यवसाय उठ्न नपाउँदै भारतले पाँच महिनादेखि गरेको नाकाबन्दीले झनै थला परेको हो । लामो समयदेखि भएको नाकाबन्दीले कुखुराका लागि आवश्यक कच्चा पदार्थ आयात गर्न नसक्दा व्यवसायमा प्रत्यक्ष असर परेको हो । ७५ अर्ब लगानी भएको यस व्यवसायलाई नाकाबन्दीले प्रत्यक्ष प्रभाव पारेको छ । कृषि विकास मन्त्रालयका अनुसार लामो नाकाबन्दीले गर्दा पोल्ट्री व्यवसायमा अर्बौं रुपैयाँको नोक्सान भएको छ ।

कुखुराका लागि चाहिने दानाको कच्चा पदार्थ ६० प्रतिशत भारतबाट आयात हुने गर्छ । नाकाबन्दीले गर्दा लामो समयसम्म कच्चा पदार्थ आयात गर्न नसक्दा व्यवसाय नै नोक्सानमा गएको छ । दाना उद्योग संघका अध्यक्ष डा. तिलचन्द्र भट्टराईले नाकाबन्दीले पोल्ट्री व्यवसायमा ३ अर्बभन्दा धेरै नोक्सान भएको बताए ।

'तराई बन्दले गर्दा समयमा कच्चा पदार्थ ढुवानी गर्न सकिएन,' उनले भने, 'जसका कारणले गर्दा पनि धेरै व्यवसाय उठ्नै नसक्ने गरी नोक्सानमा गएको छ ।' नाकाबन्दीले बजारमा अधिकांश सामानको मूल्य बढे पनि कुखुराको मूल्यमा उल्लेख्य गिरावट आएको छ । नाकाबन्दीले गर्दा कच्चा पदार्थको अभाव हुँदा किसानले कुखुराको लागत मूल्यसमेत उठाउन सकेका छैनन् । जसका कारणले गर्दा अर्बौं रुपैयाँ नोक्सान बेहोर्नुपरेको छ । बजारमा समयमै अन्डा र चल्ला पुर्‍याउन नसक्दा किसानले धेरै नोक्सान बेहोर्नुपरेको छ ।

संघका अनुसार १ सय ५० रुपैयाँ पर्ने तयारी कुखुरा किसानले ८० देखि ९० रुपैयाँमा बेच्नुपरेको छ । ५० रुपैयाँ पर्ने चल्लालाई किसानले १० देखि १५ रुपैयाँ र आठ रुपैयाँ पर्ने अन्डालाई ६ रुपैयाँमा बेच्नुपरेको छ । नाकाबन्दीले गर्दा समयमा सामान ढुवानी गर्न नसक्दा किसानले लागत समेत उठाउन सकेका छैनन् ।

कच्चा पदार्थ अभावले गर्दा महँगोमा खरिद गर्नुपर्ने, उत्पादित वस्तुले उचित मूल्य नपाउनु र किसानले उत्पादन लागतसमेत उठाउन नसक्दा व्यवसायमा प्रत्यक्ष प्रभाव परेको भट्टराईको भनाइ छ ।

पोल्ट्री व्यवसाय उकास्नका लागि सरकारले परियोजना हेरेर लगानी वृद्धि गर्न आवश्य छ, भट्टराईले भने, 'नाकाबन्दी अवधिको ब्याज मिनाहा र ऋणको किस्ता ६ महिना थप्नुपर्छ ।' संघका अनुसार कुखुराका लागि आवश्यक दानाका लागि कृषि विकास मन्त्रालयले मकै र भटमास उत्पादनका लागि विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ ।'

व्यापार प्रवर्द्धन तथा निकासी केन्द्रका अनुसार कुखुराका लागि आवश्यक पर्ने १३ अर्ब रुपैयाँको मकै, भटमास र सूर्यमुखी तेलको पिना आयात हुने गरेको छ । दीर्घकालीन रूपमा पोल्ट्री व्यवसाय विस्तार गर्न यसका लागि आवश्यक पर्ने दाना स्वदेशमै उत्पादन गर्नुपर्ने व्यवसायीको भनाइ छ ।

६० हजारले प्रत्यक्ष रूपमा रोजगारी पाएको यस व्यवसायले मुलुकको अर्थतन्त्रमा समेत ठूलो योगदान पुर्‍याएको छ । हाल दैनिक २० लाख अन्डा, २५ लाख ब्रोइलर चल्ला उत्पादन हुन्छ । त्यस्तै, प्रतिसाता १ लाख २५ हजार लेयर्स चल्ला उत्पादन हुन्छ भने प्रतिदिन ५ लाख किलो तयारी मासु उत्पादन हुन्छ ।

# इन्धन अभावले मैलुङ जलविद्युत्को काम प्रभावित

**शिव दुवाडी/राजधानी**
काठमाडौं, २५ पुस



विगत केही महिनायता जारी मधेस आन्दोलन र भारतीय नाकाबन्दीका कारण इन्धनको अभाव हुँदा माथिल्लो मैलुङ जलविद्युत् आयोजनाको निर्माण कार्य प्रभावित भएको छ ।

गत १२ वैशाखको भूकम्प, मधेस आन्दोलन, भारतको नाकाबन्दी लगायतका कारण आयोजनाको काममा एकपछि अर्को समस्या थपिँदै आएको थियो । विभिन्न स्रोत तथा माध्यमबाट इन्धनको जोहो गरी द्रूतगतिमा काम हुँदै आएको भए पनि सरकारीस्तरबाट सहयोग नहुँदा हाल कामै गर्न नसक्ने अवस्था आएकाले निर्धारित समयमा काम सम्पन्न नहुने आयोजनाका प्रबन्ध निर्देशक जितमान शेर्पाले बताए ।

समस्यै समस्याका माझ २४ पुसमा सोमदाङ रसुवामा परेको हिमपातका कारण आयोजनाको काम थप प्रभावित बनेको उनले बताए ।

यसअघि विभिन्न किसिमका बाधाव्यवधान चिर्दै काम हुँदै आएकामा हिमपातका कारण आयोजनाको काम अघि बढाउन थप समस्या उत्पन्न भएको आयोजनाको प्रवर्द्धक कम्पनी इनर्जी इन्जिनियरिङले जनाएको छ । कम्पनीका अनुसार हिमपात रोकिएर काम सुरु गर्न केही दिन कुर्नुपर्ने भएको छ ।

रसुवा तथा धादिङ जिल्लाको सोमदाङ तथा लिप्लिङ गाउँ विकास समितिस्थित मैलुङ खोलाबाट निर्माण गर्न लागिएको माथिल्लो मैलुङ 'ए' जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनी इनर्जी इन्जिनियरिङ प्रालि रहेको छ । सो कम्पनीले तोकिएको समयमा निर्माण कार्य सम्पन्न गरी व्यावसायिक उत्पादन सुरु गर्न यसअघि तीव्र रूपमा काम गर्दै आएको थियो ।

६.४२ मेगावाट क्षमताको सो आयोजनाको व्यापारिक उत्पादन आगामी १ साउनदेखि उत्पादन सुरु गर्नेगरी कार्य अगाडि बढाइएकामा विभिन्न अवरोधका कारण निर्माण कार्य सम्पन्न गरी व्यावसायिक उत्पादन सुरु गर्न नसकिने कार्य अवस्था उत्पन्न भएको हो ।

# सहकारीको सदुपयोग भएन : निधि

**काठमाडौं/रास–** पूर्वमन्त्री विमलेन्द्र निधिले सहकारीको सही सदुपयोग हुन नसकेको बताएका छन् । उपलब्धि बहुउद्देश्यीय सहकारी संस्थाको सातौं वार्षिक साधारण सभाका अवसरमा बोल्दै पूर्वमन्त्री निधिले सहकारीमर्फत प्रगति हासिल गर्न सकिने भए पनि सहकारीको सही प्रयोग हुन नसकेकाले समस्या आएको बताएका हुन् ।

ग्रामीण अर्थव्यवस्था विकासका लागि सहकारी नै उत्तम विकल्प भएको भन्दै उनले कम साधनस्रोत भएकाले पनि सहकारीमार्फत उल्लेख्य लगानी गर्न रचनात्मक काम गर्न सकिने बताए । सहकारीले आर्थिक विकास सँगसँगै सामाजिक, शिक्षा तथा स्वास्थ्यमा पनि रचनात्मक काम गर्न आवश्यक भएको उनको भनाइ छ ।

पूर्वअर्थमन्त्री शंकरप्रसाद कोइरालाले सहकारीमार्फत देश आत्मनिर्भरतामा जान सकिने बताए । 'परनिर्भरता हटाउन सहकारी प्रमुख माध्यम बन्न सक्छ,' उनले भने । तिनखम्बे अर्थतन्त्रबाट नै देश आत्मनिर्भर बन्न सकिने उनले बताए । सहकारीले अन्य क्षेत्रमा रचनात्मक काम गरे पनि कृषि क्षेत्रमा विशेष लगानी गर्न आवश्यक भएको उनको भनाइ छ ।

राजनीतिक विश्लेषक पुरुषोत्तम दाहालले पुँजीवाद र समाजवादको सम्मिश्रण नै सहकारी भएकाले सबैका लागि सहकारी उत्तम माध्यम भएको बताए । समस्याका कारण अर्थतन्त्र धराशायी भएको उनको भनाई छ ।

राष्ट्रिय सहकारी संघका सञ्चालक एवं उपलब्धि सहकारीका सञ्चालक चन्द्र ढकालले सहकारीमार्फत गर्नुपर्ने काम धेरै भएको र उपलब्धिले प्रशंसा गर्न लायकका कार्यक्रम गरेको बताए । संस्थाले आफ्नो सेयर पुँजी २ करोड ५९ लाख ७६ हजार ३ सय रुपैयाँ पुर्‍याएको छ । अघिल्लो वर्ष सेयर पुँजी ९७ लाख १३ हजार ३ सय रुपैयाँ थियो ।

## सिटी एक्सप्रेस–सनराइज बैंक रेमिट्यान्स सम्झौता

**काठमाडौं/रास–** सिटी एक्सप्रेस मनि ट्रान्सफर प्रालि र सनराइज बैंकबिच रेमिट्यान्स भुक्तानीसम्बन्धी सम्झौता भएको छ । सम्झौतापछि विदेशबाट सिटी एक्सप्रेस मनि ट्रान्सफरमार्फत पठाएको पैसा सनराइज बैंकका नेपालभर रहेका ५३ शाखा र एउटा एक्सटेन्सन काउन्टरबाट समेत भुक्तानी लिन सकिनेछ ।

सम्झौतापत्रमा सिटी एक्सप्रेस मनि ट्रान्सफरका तर्फबाट प्रबन्ध निर्देशक चन्द्र टण्डन र सनराईज बैंकका तर्फबाट सहायक महाप्रबन्धक रविनकुमार नेपालले हस्ताक्षर गरे ।

## कोरियाबाट सीधै ग्लोबल आईएमईमा पैसा पठाउन सकिने

**काठमाडौं/रास–** कोरियामा कार्यरत नेपालीले कोरियाको इन्डस्ट्रियल बैंक अफ कोरियाले प्रदान गर्दै आइरहेको स्मार्ट बैंकिङ र एटीएमबाट आफ्नो तथा आफ्ना आफन्तका नाममा ग्लोबल आईएमई बैंकमा रहेको खातामा सीधै पैसा पठाउन सक्ने भएका छन् ।

यसका लागि कोरियामा रहेका नेपालीले इन्डस्ट्रियल बैंक अफ कोरियाले प्रदान गर्ने स्मार्ट बैंकिङ एप डाउनलोड गरी सोमार्फत पैसा पठाउन सक्नेछन् । त्यस्तै, इन्डस्ट्रियल बैंक अफ कोरियामा खोलेको आफ्नो खातामा रकम जम्मा गरी सो बैंकको जुनसुकै एटीएम आउटलेटमा गई एटीएम मेसिनले देखाएको निर्देशनअनुसार पनि आफैँ पैसा पठाउन सक्नेछन् ।

यसैगरी, इन्डस्ट्रियल बैंक अफ कोरियाले कोरियाबाट नेपालमा पैसा पठाउँदा एक्सचेन्ज रेटमा ३० प्रतिशत र रेमिट्यान्स शुल्कमा ५० प्रतिशत छुटसमेत दिएको छ । यस्तै, कोरियामा रहेका नेपालीले कोरियामा नै खाता खोल्न चाहेको खण्डमा कोरियास्थित ग्लोबल आईएमई बैंकका प्रतिनिधिसँग सर्म्पक गर्न सकिने बैंकले बताएको छ ।

## यतीको बैंकिङ साक्षरता



**काठमाडौं/रास–** यती डेभलपमेन्ट बैंकले ट्राफिक महाशाखा रामशाहपथ काठमाडौंमा ट्याक्सी चालकहरूलाई ट्राफिक सचेतना तथा बैकिङ साक्षरता कार्यक्रम आयोजना गर्‍यो । सो अवसरमा ट्राफिक महाशाखाका प्रमुख जयबहादुर चन्दले कसरी ट्याक्सी चालकको पेसालाई मर्यादित गर्न सकिन्छ ? भन्नेबारे बताएका थिए ।

त्यसैगरी, ट्राफिक कार्यालयका प्रशिक्षक विष्णु थापा र खड्ग आचार्यले ट्राफिक सचेतना तथा यती डेभलपमेन्ट बैंकको सामाजिक उत्तरदायित्व शाखाकी प्रमुख दीपाञ्जली खकुरेलले बैंकिङ साक्षरतासम्बन्धी कक्षा सञ्चालन गरेका थिए ।

## एड्माएरद्वारा भूकम्पपीडितलाई न्यानो कपडा



**काठमाडौं/रास–** एड्माएर नेपालले सिन्धुपाल्चोकको गोल्चे गाउँमा न्यानो कपडा र ब्ल्यांकेट वितरण गरेको छ । संस्थाले ९ ओटा वडाका करिब १ सय २८ घरधुरीलाई सो कपडा तथा ब्ल्यांकेट वितरण गरेको थियो ।

संस्थाले सो अभियानको प्राथमिकतामा गत वैशाखको भूकम्प र त्यसपछिका पराकम्पनमा परी ज्यान गुमाएका मृतकका परिवार र अपांगता भएका व्यक्तिलाई समावेश गरेको थियो । सोमध्ये सो गाउँका ८२ जना मृतकका परिवारलगायत अपांगलाई सहयोग गरिएको संस्थाले बताएको छ ।

Janakpur Sub-Metropolitan City Office
Janakpurdham
ADDENDA-1
Date of First Publication: 26 Poush 2072 (10 January 2016)
About Invitation for bid dated on 25th Mansir 2072 (11th December 2015) for the Construction of Sub-Metropolitan City Office Building (Phase-2), Contract no.: 1-072/73, Due to strike of Madhesh Revolution, The Sub-Metropolitan City Office, Janakpurdham decided to Extend the Bid Purchase and submission date as follows.
1. Last date for Bid Purchase: 11 Magh 2072 (25 January 2016)
2. Last date for Bid Submission: On or Before 12:00 hrs on 12 Magh 2072 (26 January 2016)
3. Bid Open : 14:00 hrs on 12 Magh 2072 (26 January 2016)



*म्याग्दीको पर्यटकीय बस्ती घोडेपानीबाट देखिएको धौलागिरि हिमाल । घोडेपानी अन्नपूर्ण चक्रिय पदमार्गको आकर्षक गन्तव्य हो ।*
**तस्बिर : रासस**

मेगा बैंक नेपाल लिमिटेडको पाँचौ वार्षिक साधारण सभा सम्बन्धी सूचना
मिति २०७२ साल पौष २६ गते आइतबार (तदनुसार १० जनवरी २०१६) का दिन बिहान ११ बजे आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौंमा यस बैंकको पाँचौ वार्षिक साधारणसभा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीको लागि अनुरोध गरिन्छ ।
बैंकको पाँचौ वार्षिक साधारण सभा सम्बन्धी विस्तृत विवरण मिति २०७२ साल पौष ०३ गतेको नागरिक राष्ट्रिय दैनिक र पौष ०५ गतेको कारोवार राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको व्यहोरा समेत अनुरोध छ ।
कम्पनी सचिव
मेगा बैंक नेपाल लिमिटेड, मेगा महल, कान्तिपथ, काठमाडौं, पोष्ट बक्स नं. २६५५९
फोन नं. ९७७ -१-४२५७७११, फ्याक्स नं. ९७७-१-४२६६९९९

नेपाल सरकार
वन तथा भु-संरक्षण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण विभाग
कोशीटप्पु बन्यजन्तु आरक्ष कार्यालय, सुनसरी
बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
प्रथम पटक प्रकाशित मिति २०७२।०९।२६
यस कार्यालयबाट मिति २०७२।०७।१६ मा प्रकाशित सुचना अनुसार दर्ता हुन आएका बोलपत्रहरुमध्ये तपशिल बमोजीमको बोलपत्र न्युनतम मुल्याङ्कित र सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतको लागी मुल्यांकन समितिबाट सिफारीस भै आए बमोजीम सार्वजनिक खरिद ऐन ,२०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७(२) बमोजीम बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सुचना सम्बन्धित सबै बोलपत्रदाताको जानकारीको प्रकाशित गरिएको छ ।

| क.सं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम मु.अ.कर बाहेक |
|---|---|---|---|
| १. | भ्यू टावर निर्माण आरक्ष दक्षिणी डुवान | सन्तोष कन्स्ट्रक्सन बदगामा -१, सप्तरी | ४,६४,७१९।३० |
| २. | पोष्ट भवन निर्माण आरक्ष दक्षिणि डुवान | सन्तोष कन्स्ट्रक्सन बदगामा -१, सप्तरी | २०,७९,२१४।३० |
| ३. | भ्यू टावर निर्माण आरक्ष उत्तरी डुवान | राम निर्माण सेवा पश्चिम कुशाह-४,सुनसरी | ४,५७,९५१।९३ |
| ४. | पोष्ट भवन निर्माण आरक्ष उत्तरी डुवान | अमरावती निर्माण सेवा राजविराज-१, सप्तरी | १८,७१,२४२।३८ |
| ५. | पोष्ट भवन निर्माण आरक्ष उत्तरी डुवान | शिवगंन्ज निर्माण सेवा, भोक्राहा-५, सुनसरी | ३८,९४,१६०।१४ |

# नेपालमा खेल पर्यटनको सम्भावना



*नेपाल ओलम्पिक कमिटीले आयोजना गरेको प्रथम स्पोर्टस् फोरमको उद्घाटन गर्दै संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री आनन्दप्रसाद पोखरेल । साथमा सांसद् रामहरि सुवेदी र नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ ।*

**राजधानी समाचारदाता**
काठमाडौं, २५ पुस

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री आनन्दप्रसाद पोखरेलले नेपालमा खेल पर्यटनको प्रचुर सम्भावना रहेको बताएका छन् । उनले नेपाल ओलम्पिक कमिटीले शनिबार आयोजना गरेको प्रथम राष्ट्रिय स्पोर्टस् फोरमको उद्घाटन गर्दै सो अभिव्यक्ति दिएका हुन् ।

उनले खेलकुद पर्यटनमार्फत देशको अर्थतन्त्रमा थप टेवा पुग्ने औंल्याउँदै भने, 'नेपालमा खेलकुद पर्यटनको व्यापक सम्भावना छ ।' यसलाई हाम्रो मन्त्रालयले पनि महत्त्वपूर्ण रूपमा हेरेको छ, हामी राष्ट्रिय खेलकुद परिषद्, नेपाल ओलम्पिक कमिटी, विभिन्न राष्ट्रिय खेलकुद संघहरूसँग त्यसका लागि सहकार्य गरेर अघि बढ्नेछौं ।' उनले खेलकुद क्षेत्र राष्ट्रिय एकताको प्रतीक रहेको र खेलकुद विकासको मार्गनिर्देशक बन्न सक्ने बताए ।

त्यसैगरी, कार्यक्रमको उद्घाटन सत्रलाई सम्बोधन गर्दै सांसद् रामहरि सुवेदीले सागका लागि समयमा नै बजेट निकासा हुन नसकेको चिन्ता व्यक्त गर्दै आफूले त्यसका लागि पहल गर्ने बताए । 'अर्थ मन्त्रालयसँग बजेट माग्न हामी नै पहल गर्नेछौं ।' उनले भने, 'त्यसैगरी, खेलकुदलाई विवाद मुक्त बनाउनका लागि कस्तो ऐन चाहिन्छ, त्यसका लागि समेत पहल गर्नेछौं ।'

पर्यटन बोर्डका सीईओ दीपकराज जोशीले सुन्दर देशका मैत्री मानिस भनेर चिनिने नेपाल साहसिक खेलाडीको मुख्य गन्तव्य बन्न सक्ने औंल्याए ।

नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले खेलकुदको शक्तिलाई बुझेर त्यहीअनुसार राज्यले गति लिनुपर्ने बताए । उनले स्पोर्टस् फोरममार्फत संघहरू व्यवस्थित बन्ने विश्वास व्यक्त गरे । 'आर्थिक व्यवस्थापनदेखि डोपिङलगायतका गहन विषयमा फोरमबाट संघहरूले जानकारी पाउनेछन्,' श्रेष्ठले बताए ।

नेपाल ओलम्पिक कमिटीका महासचिव लामा टेन्डी शेर्पाले ओलम्पिकले अबदेखि नियमित रूपमा यस्ता कार्यक्रम गर्दै जाने बताए ।

कार्यक्रममा सुजनलाल श्रेष्ठले २०१६ मा हुने अन्तर्राष्ट्रिय महत्त्वपूर्ण इभेन्टका विषयमा जानकारी गराएका थिए । डा. भोला दाहालले खेल संघमा सुशासन र व्यवस्थापन विषयमा जानकारी गराएका थिए । डा. नवेशमान सिंहले एन्टी डोपिङका विषयमा कक्षा लिएका थिए । कार्यक्रममा विभिन्न राष्ट्रिय खेलकुद संघका पदाधिकारीको उपस्थिति रहेको थियो ।

# नेपाल फेल्डा युनाइटेडसँग बराबरीमा रोकियो



**राजधानी समाचारदाता**
काठमाडौं, २५ पुस

बंगलादेशमा जारी बंगबन्धु कप फुटबल प्रतियोगितामा नेपालले शनिबार मलेसियाको फेल्डा युनाइटेडसँग गोलरहित बराबरी खेलेको छ । फेल्डा मलेसियाको सुपर लिग खेल्ने क्लब हो ।

सुपर लिगको डिफेन्डिङ च्याम्पियनको सहभागिता रहने भनिएपछि अन्तिममा सुपर लिगको पाँचौं स्थानमा रहेको फेल्डाले बंगबन्धु गोल्डकपमा सहभागिता जनाएको हो । नेपालको यू-२३ राष्ट्रिय टिमको सहभागिता रहेको छ । मलेसियन सो क्लबमा दुई राष्ट्रिय खेलाडी केही पूर्वराष्ट्रिय टिममा रहेका खेलाडी रहेका थिए ।

नेपालले १२ जनवरीमा दोस्रो म्याच श्रीलंकाविरुद्ध खेल्नेछ । १४ जनवरीमा नेपालले आयोजक बंगलादेशसँग खेल्नेछ । नेपाल समूह 'ए' मा मलेसियाको टिम, श्रीलंका र बंगलादेशसँग रहेको हो । अर्को समूहमा बंगलादेशको यू-२३, बहराइन, कम्बोडिया र माल्दिभ्स रहेका छन् ।

नेपालले शनिबार फेल्डाविरुद्ध केही राम्रो अवसर सिर्जना गरेको भए पनि स्कोर हुन सकेन । नेपालका केही राम्रा प्रयासलाई विफल गराइदिएका फेल्डाका गोलरक्षक फारिजुल हारुन प्रतियोगिताका 'म्यान अफ दि म्याच' बन्न सफल भए ।

नेपालको प्रमुख प्रशिक्षकमा बालगोपाल महर्जन रहेका थिए भने विकेश कुथुले गोलपोस्ट सम्हालेका थिए । विराज महर्जनको कप्तानीमा उत्रिएको टिममा रोबिन श्रेष्ठ, अनन्त तामाङ, आदित्य चौधरी, जगजित श्रेष्ठ, अञ्जन विष्ट, हेमन गुरुङ, विक्रम लामा, नवयुग श्रेष्ठ र विमल घर्ती रहेका थिए ।

नेपालले २०१६ मा बंगबन्धुबाट पहिलो अन्तर्राष्ट्रिय प्रतियोगिताको सुरु गरेको हो । भर्खरै भारतमा सम्पन्न साफ सुजुकी कपको समूह चरणबाट बाहिरिएको नेपालले बंगबन्धु गोल्डकपमा उत्कृष्ट प्रदर्शन गर्ने चुनौती रहेको छ ।

**बंगलादेश विजयी**

शनिबार नै भएको अर्को खेलमा आयोजक बंगलादेशले श्रीलंकालाई सामसुल होन्डा स्टेडियममा ४-२ ले हराएको छ । अन्तर्राष्ट्रिय फुटबलमा बंगलादेशले श्रीलंकाविरुद्ध जित निकालेको यो ११औं पटक हो । मंगलबार बंगलादेशले मलेसियाली टिमको सामना गर्नेछ । खेलको १७औं मिनेटमा बंगलादेशका लागि हसन रोनीले गोल गरेका थिए ।

# बुल्स रेसमा कुमार पहिलो



**काठमाडौं/रास-** अनलाइन सेक्युरिटिजका कुमार घिमिरे दोस्रो नेप्से कर्पोरेट बुल्स रेसमा शनिबार पहिलो भएका छन् । ५ किलोमिटरको दुरी कुमारले १७ मिनेट ४० सेकेन्डमा पूरा गरे ।

लिन्च स्टोक मार्केटका नवीन अधिकारी दोस्रो भए । उनले निर्धारित दुरी तय गर्न १८ मिनेट ४५ सेकेन्ड समय खर्चे । १८ मिनेट ४८ सेकेन्डमा रेस पूरा गरेका श्रीहरि सेक्युरिटिजका इराजकुमार रावत तेस्रो बने ।

पहिलो हुनेले ३० हजार, दोस्रोले २० हजार र तेस्रोले १० हजार नगद रुपैयाँ पुरस्कार जिते । रेस भद्रकालीस्थित नेप्सेको हाताबाट सुरु भई विभिन्न भागको परिक्रमा गरी पुनः नेप्सेमै आएर टुंगिएको थियो ।

रेसमा आयोजक नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा सूचीकृत कम्पनीका २ सय प्रतिस्पर्धीको सहभागिता रहेको नेप्सेका प्रवक्ता शम्भुप्रसाद पन्तले जनाएका छन् । खेलकुदका माध्यमबाट स्टक मार्केटसम्बन्धी जनचेतना फैलाउने उद्देश्यले गत वर्षदेखि रेसको सुरुआत गरिएको प्रवक्ता पन्तले बताए ।

विजेतालाई २९ पुसमा नेप्सेको वार्षिकोत्सवका दिन पुरस्कृत गरिने आयोजकले जनाएको छ । रेसमा नेपाल एथलेटिक्स संघको प्राविधिक सहयोग रहेको एथलेटिक्स संघका सचिव आर के विष्टले जनाएका छन् ।

रेसको धितोपत्र बोर्डका अध्यक्ष डा. रेवतबहादुर कार्की र नेप्सेका अध्यक्ष रामजी रेग्मीले संयुक्त रूपमा उद्घाटन गरेका थिए । विजेतालाई नेप्सेका महाप्रबन्धक सीताराम थपलियाले बधाई दिए ।

# आइडियल विजयी



**काठमाडौं/रास-** आइडियल इंग्लिस स्कुल 'ए' र डेनेब एकेडेमीले प्रथम साइपाल कप अन्तरविद्यालय यू-१६ छात्र सिक्स 'ए' साइड फुटबल प्रतियोगितामा शनिबार विजयी सुरुआत गरेका छन् ।

चाबहिलको गणेश स्थानमा भएको उद्घाटन खेलमा आइडियलले पाथीभरालाई टाइब्रेकरमा ५-४ गोलले पराजित गर्‍यो । निर्धारित समयको खेल १-१ को बराबरीमा सकिएको थियो । डेनेबले पनि टाइब्रेकरमा जित हात पार्ने क्रममा बुद्ध एकेडेमीलाई २-१ ले हरायो । निर्धारित समय १-१ को बराबरीमा टुंगिएको थियो ।

साइपाल एकेडेमीद्वारा आयोजित प्रतियोगिताका अन्य खेलमा जुगल इंग्लिस स्कुल, बाल विकास स्कुल र पशुपतिले सफलता आत्मसात् गरे ।

जुगलले आइडियल 'बी' लाई ८-० को भारी गोलअन्तरले पाखा लगायो । विजेताका अंकित प्रधानले ४, सन्दीप कोइरालाले २ तथा दीपेश प्रधान र रोशन मगरले १-१ गोल गरे ।

बाल विकासले हर्टल्यान्ड 'बी' लाई १-० गोलले पन्छायो । सुवास तामाङले निर्णायक गोल गरे । ओडिसीविरुद्धको खेलमा पशुपति ५-० ले विजयी भयो । पशुपतिका सागर श्रेष्ठले ह्याट्रिक गरे ।

प्रतियोगिताको काठमाडौं जिल्ला खेलकुद विकास समितिका अध्यक्ष ध्रुवराज न्यौपानेले उद्घाटन गरे । शनिबारसम्म चल्ने प्रतियोगितामा ३२ टिमले नकआउट आधारमा प्रतिस्पर्धा गरिरहेका छन् ।



*हिमालयन बैंक कप गल्फ प्रतियोगिताको पुरुषतर्फका विजेता संयोग शाही र महिलातर्फकी विजेता प्रतिमा शेर्पा ट्रफीका साथ तस्बिर खिचाउँदै ।* **तस्बिर : राजधानी**

# प्रतिभावान् खेलाडी छनोट विधि

● **दिवाकर लाल अमात्य**



*महिला राष्ट्रिय भलिबल टिमका खेलाडीहरू आरती शाह, मनीषा चौधरी, मञ्जु गुरुङ, विनिता बुढाथोकी, रेस्मा बुढायर उषा विष्ट, कपिला उप्रेती र नेविका चौधरीका हातका नमुना ।*

खेलकुदमा प्रतिभा पहिचान र त्यसको वैज्ञानिक विकास अति जटिल विषय भएकाले देशमा अतिरिक्त क्रियाकलापलाई व्यवस्थित, व्यावहारिक र वैज्ञानिकीकरण गर्नुपर्ने देखिन्छ । नेपालमा खेलकुद विज्ञानको पूर्ण विकास नभइसकेको परिस्थिमा यस क्षेत्रको ज्ञान समस्त खेलाडीवर्ग, खेलकुद प्रशिक्षकले राम्ररी अध्ययन मनन गरी व्यवहारमा ल्याउने कार्यको सुरुआत भइसकेको छैन ।

हाम्रो देशमा केही खेलमा स्वदेशी र विदेशी साधन तथा स्रोतको उपयोगमा विगतमा र हाल पनि खेलकुद प्रतिभा पहिचान गरी कार्यक्रम सञ्चालन भएको र गरिरहेको पाइन्छ । यस्ता कार्यक्रम कत्तिको सफल/असफल भए भन्ने कुरा अनुसन्धानको विषय हुन सक्छ ।

भविष्यमा यस्ता कार्यक्रम सञ्चालन गर्दा आधुनिक खेल जगत्मा सफल देशमा यस्ता कार्यक्रम सञ्चालन गर्दा कस्तो प्रक्रिया अपनाइन्छ । उनीहरूको अनुभव र प्राप्त सफलताका बारेमा जानकारी दिनेतर्फ ध्यान दिन नसकेको पाइन्छ । प्रतिभावान् खेलाडीको छनोट गर्ने धेरै तरिकामध्ये विनाउपकरण र प्रविधिविना सामान्य तरीका मात्र यहाँ वर्णन गर्न खोजेको छु ।

**खेलाडीका विभिन्न अंगको परीक्षण**

विद्यालयका विद्यार्थी/खेलाडी विशेषगरी छात्राका औंला, कुमको चौडाइ-दुई ट्रोकेन्टेरियनको (हड्डी) चौडाइ, पैतालाको किसिम (सम्म परेको वा



आर्कयुक्त) आदिको परीक्षणले पनि कुनै खेलकुदमा राम्रो प्रतिभा हुन सक्छ वा सक्दैन भनेर परीक्षण गर्न सकिन्छ ।

यसै सन्दर्भमा १२औं दक्षिण एसियाली खेलकुदमा सहभागी हुन गइरहेका महिला भलिबल टिमका खेलाडीको हातको परीक्षण गरियो । अचम्म के छ भने राष्ट्रिय भलिबल टिमका सबै भलिबल खेलाडीका चौथो औंला, चोर औंलाभन्दा अलि लामा छन् । त्यसैले त उनीहरू राष्ट्रिय भलिबल टिममा छनोट हुन सफल भएका छन् ।

धेरैजसो छात्राको दोस्रो औंला (चोर औंला) र औंठी लगाउने औंलाको (रिङ फिंगर) लम्बाइ बराबर हुन्छ । साधारणतया सामान्य नारीहरुको पञ्जामा यस्तै पाउनुहुन्छ । तर, कुनै कुनै छात्राको पञ्जा माथि देखाएको जस्तो दोस्रो औंला (चोर औंला) भन्दा औंठी लगाउने औंला (चौथो औंला) लामो भेट्टाउनुहुन्छ भने ढुक्क हुनुहोस् कि उनीहरू खेलकुदमा गति/वेग र शक्ति लगाउनुपर्ने क्रियाकलापका निम्ति उपयुक्त छन् ।

**के कारणले यस्तो सम्भावना हुन्छ ?**

साधारणतया छात्रा/महिलाको दोस्रो औंला र औंठी लगाउने (चौथो) औंलाको लम्बाइ बराबर हुन्छ तर आमाको पेटमा (गर्भावस्थामा) रहेको भ्रूणको विकासको तेस्रो महिनामा टेसटोसटोरन-पुरुष सेक्स हर्मोनको मात्रा केही बढी भएमा उनीहरूमा बढी पुरुषत्व र आक्रामक व्यवहार देखाप र्छ हुन्छ । त्यसैले, कुनै छात्राको हातमा दोस्रो औंला (चोर औंला) भन्दा चौथो औंला लामो भएमा खेलकुद क्रियाकलापका निम्ति उपयुक्त हुन्छ ।

चौथो औंला लामो भएमा फ्याँक्ने क्रियाकलाप गर्दा बिचको औंलासँग मिलेर वस्तुमा स्थिरता र ठीक ठाउँमा (एकुरेसी) ल्याउन वा पुऱ्याउन मद्दत गर्छ । त्यसैले, चौथो औंला लामो भएका छात्रा विभिन्न खेलकुदका निम्ति प्रतिभावान् हुन्छन् ।

साधारणतया पुरुषको कुमको (काँध) चौडाइ नितम्बको चौडाइभन्दा फराकिलो हुन्छ । महिला प्राकृतिक रूपमा नितम्बको चौडाइ र ट्रोकेन्टेरियनको चौडाइ कुम (काँध) को चौडाइभन्दा बढी हुन्छ । त्यसैले प्रशिक्षक/शिक्षकले कुनै छात्राको नितम्बभन्दा कुमको चौडाइ ठूलो देखेमा कुनै छोटो दुरीका दौड र जम्पिङ (गति/वेग र शक्ति लगाउनुपर्ने) खेलका निम्ति प्रतिभावान् खेलाडी हुन सक्छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको सूचना

आर्थिक वर्ष २०७२/०७३ को आयकरको प्रथम किस्ता बुझाउने बारेको अत्यन्त जरुरी सूचना

आर्थिक वर्ष २०७२/०७३ को कारोवारको अनुमानित करको विवरण र आयमा तिर्नुपर्ने प्रथम किस्ताको आयकर वापतको ४०% (प्रतिशत) रकम यही २०७२ पौष मसान्तभित्र ठूला करदाता कार्यालय, सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दाखिला गरी शुल्क तथा व्याजबाट बचौं ।

"समृद्ध राष्ट्र निर्माण र फराकिलो कराधार, करदाता मैत्री एवं सुदृढ कर प्रणाली पूर्वाधार"

राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.ब.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : आषिश शेरचन, सम्पादक : राजन शर्मा